# दुध उत्पादनमा आत्मनिर्भर प्रतिवेदन-२०८०

(आ.व. २०८०।०८१)

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

बाणगङ्गा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

बाणगङ्गा, कपिलवस्तु

**प्रकाशकः**

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

पशु सेवा शाखा

बाणगङ्गा, कपिलवस्तु।

सम्पर्क नं.: +९७७-०७६५५०३८३

वेभसाइटः www.bangangamun.gov.np

ईमेलः bangangamun@gmail.com

# विषय-सूची


परिच्छेद-१ ........ ५

परिचय ........ ५

१.१ पृष्ठभूमि ........ ५

१.२ अध्ययनको आवश्यकता ........ ६

१.३ अध्ययनका उद्देश्यः ........ ७

१.४ अध्ययनका क्षेत्र ........ ८

१.५ अध्ययनको विधि ........ ९

परिच्छेद २ ........ ११

विषयवस्तुको पृष्ठभूमि ........ ११

२.१ परिचय ........ ११

२.२ भौगोलिक अवस्थिति ........ ११

२.३ ऐतिहासिक चिनारी तथा नामाकरण ........ १२

२.४ धरातलीय अवस्था ........ १२

२.५ नगरको प्रमुख बस्ती तथा जनसङ्ख्या सम्बन्धी तथ्याङ्क ........ १२

२.६ जनसख्या वितरणको अवस्था ........ १४

परिच्छेद ३ ........ १५

तथ्याङ्क प्रस्तुतिकरण तथा विश्लेषण ........ १५

३.१. नगरको गाईभैंसी पालन सम्बन्धी वर्तमान अवस्थाः ........ १५

३.२ वडागतरुपमा गाईभैंसी पालनमा संलग्न घरधुरी तथ्याङ्कः ........ १६

३.३ नगरपालिकाको दूधालु पशुबाट उत्पादन हुने दूधजन्य पदार्थको तथ्याङ्कः ........ १७

३.४ तथ्याङ्कको विश्लेषणः ........ २०

३.५ दुध उत्पादनको स्थिति विश्लेषण (**SWOT Analysis**) ........ २७

परिच्छेद-४ ........ ३०

आत्मनिर्भरताका सूचक तथा आधारहरु ........ ३०

४.१ आत्मनिर्भरका सूचकहरुः ........ ३०

४.२ बाणगङ्गा नगरपालिकाको सूचक, उपलब्धी तथा आधारहरु ........ ३१

४.३ बाणगङ्गा नगरपालिकाको स्वमूल्याङ्कन तालिकाः ........ ३२

४.४ अंकभार तालिकाको व्याख्याः ........ ३३

४.५ नगरको दुध उत्पादनमा आत्मनिर्भरताकोआधारः ........ ३५

परिच्छेद-५ ........ ३६

निस्कर्ष ........ ३६

५.१. निस्कर्ष ........ ३६


बाणगङ्गा नगरपालिका, कपिलवस्तु

अनूसूचीहरु........................................................................................................ ३७
१. पशुपालन तर्फ बाणगङ्गा नगरपालिकाबाट भए गरेका अभ्यास (पाना नं. १२) ............................................... ३७
२. केही तस्वीरहरु........... ........................................................................................४७

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

# सारांश

बाणगङ्गा नगरपालिका पशु सेवा शाखाबाट नगरपालिका भित्रका पशपुन्छी तथा मत्स्य र दुध  उत्पादन सम्बन्धी तथ्याङ्कहरु संकलन गरी प्रतिवेदन  २०८०/८१ को कार्य सम्पन्न गरिएको छ । समग्र नगरपालिकामा रहेका ११ वटा वडाहरुको पशपुन्छी तथा मत्स्य र दुध  उत्पादन सम्बन्धी यो तथ्याङ्क संकलन कार्य गर्ने प्रयास गरिएको छ । यस कार्यले सप्रमाणमा आधारित (Evidence based) रहेर अध्ययन गरि विभिन्न आयामहरू समेट्न प्रयास गरेको छ । Quantitative and qualitative (संख्यात्मक र गुणानात्मक) तथ्य र तथ्याङ्कमा आधारित रहेर प्राविधिक समस्या पहिचान र अवस्थाबारे अधिकतम प्रयास गरिएको छ । अध्ययन विश्लेषणका क्रममा स्थलगत रुपमा नै तथ्याङ्क लिने कार्य भएको छ ।

तथ्याङ्कलाई गहन रुपमा सघाउ पुऱ्याउनका लागि स्थलगत रुपमा गणकहरु परिचालन गरी कार्य गरिएको छ । स्थानीय सरकारबाट प्रवाह भएको कार्यक्रमको प्रभावकारिता, विभिन्न वडामा दुध तथा दुग्धजन्य  उत्पादनको अवस्था, व्यापार, बजारीकरण, विविधिकरणको विषय समेट्न प्रयास गरीएको छ । नगरपालिकाको पशु सेवा शाखाबाट संन्चालित कार्यक्रमका लाभान्वित संख्या, अनुदान  कार्यक्रमको प्रभावकारिता, पशुपालन प्रवर्द्धन कार्यक्रम तर्फ का विवरण समेटिएको छ । यस नगरपालिकामा उत्पादन हुने दुध तथा दुग्धजन्य  परिकारहरूको निर्यात हुने विवरण समेट्न प्रयास गरिएको छ ।

तथ्याङ्क संकलनको अवधी १ महिना रहेको थियो । नगरको बिभिन्न वडाहरुको दुध  उत्पादन क्षेत्रबाट आयात तथा निर्यात हुने दुधको तथ्याङ्कका आधारमा स्थलगत निरीक्षण तथा तथ्याङ्कगत जानकारी लिने प्रयास भएको थियो । यस तथ्याङ्कमा नगरबाट निर्यात हुने विषशेत दुध,  नौनि, घिउ जस्ता खाद्य विषय समेटिएको छ ।

नगरपालिकाका ११ वटै वडाहरुमा पशुपालन भई रहेको छ तथापि यस तथ्याङ्कले प्रमुख दुध उत्पादन क्षेत्रलाई समेटी समस्त नगरपालिकाको दुध उत्पादन स्थिति बुझ्ने प्रयास गरीएको  । नगरपालिकाबाट मुख्य बढी दुध उत्पादन वृद्धि गर्नका लागि गोठ सुधार,  उच्च नश्लको पशु पालन,  घाँस खेति बिस्तार, ब्यवसायिक गाई/भैसीहरु फर्ममा बृद्धि व्यवसायिक घाँस खेति,  खोपको व्यवस्था, रोग निदान सेवा आदि कार्यक्रमहरु संचालन गरिएको थियो ।

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नका लागि विभिन्न क्षेत्रमध्ये कृषि एउटा महत्वपूर्ण क्षेत्र हो । नेपालको संविधानले कृषि तथा भूमि सुधारका लागि प्रशस्त बाटो खोलिदिएको छ । नेपालको संविधानको भाग ४ स्थानीय तहका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको धारा ५१ स्थानीय तहका नीतिहरूको उपधारा (ङ) मा कृषि तथा भूमि सुधार सम्बन्धी नीति स्पष्टरूपमा उल्लेख गरिएको छ । जसको (ङ) को (५)मा कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने रहेकोछ ।

देशको संवैधानिक संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह छ । सबैका आ–आफ्नै अधिकार क्षेत्र छन् र साझा अधिकार क्षेत्र पनि छन् । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूची २२ वटा छन् जसमा जग्गा धनी पुर्जा वितरण गर्नदेखि कृषि तथा पशु पालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, कृषि सडक, सिँचाई, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण जस्ता कृषिसँग सम्बिन्धत अधिकार पर्छन् ।

देशलाई कृषिमा आत्मनिर्भर बनाउन संविधानमा समावेश भएका अधिकारको जगमा टेकेर वास्तविक किसानलाई तालिम, प्रशिक्षण, पूर्वाधार र आधुनिक प्रविधियुक्त उत्पादन आधारबाट उत्पादन शक्तिलाई प्रोत्साहित गर्दै लानुपर्छ । वास्तविक पशुपालक कृषकहरुलाई आधुनिक, प्रविधियुक्त कृषि औजार, पोषण खाद्यहरु, मलखाद, कीटनाशक औषधि, भिटामिन, सुलभ र सहुलियतमा सस्तोमा कृषि ऋण र अनुदानको व्यवस्था गरिनुपर्छ । यसका साथै किसानले उत्पादन गरेका वस्तुको बजारको जिम्मेवारी पनि सरकारले नै लिनुपर्छ । सरकारले ल्याएको नीति तथा कार्यक्रम अनुसार कृषि क्षेत्रलाई खुला सिमाना सहितको प्रतिस्पर्धामा आउन सहयोग पुगी आत्मनिर्भर मुलुक र समृद्ध मुलुक बन्नका लागि सहयोग पुग्छ ।

नेपाल एक कृषि प्रधान देश हो । नेपालको कुल जनसंख्याको ६५ प्रतिशत जनता कृषि व्यवसायमा आधारित छन् । राष्ट्रिय कुल गहस्थ उत्पादनमा करिव २४ प्रतिशत कृषि क्षेत्रको योगदान रही आएको छ । कृषि अर्थतन्त्रको रूपमा, पशुपालन, खाद्य सुरक्षा, कृषि प्रणाली र कृषि अर्थतन्त्रको मेरुदण्ड हो । दुध उत्पादन र मासुजन्य पदार्थका क्षेत्र घरायसी पोषण मात्र नभई शहर देखी ग्रामीण क्षेत्र सम्म रकमको प्रवाह गर्ने एक माध्यम हो । पशुपालन व्यवसाय प्रत्यक्ष रूपमा खाद्य सुरक्षा, रोजगारी, आयआर्जन सँग जोडिएको छ । संघीय/प्रदेश/स्थानीय तीनै तहको सरकारले पशुपालनले कृषकको जीविकोपार्जन तथा आय आर्जनको लागी दुध तथा मासुजन्य उत्पादन, प्रशोधन र बजारीकरणमा जोड दिँदै आएको छ । यसरी आफ्नै स्रोतहरूमा निर्भर भई आफ्नो दैनिक खपतमाग लाई आन्तिरक रुपमै व्यवस्थापन गर्न सक्ने क्षमता नै आत्मनिर्भर स्थानीय तहको अवधारण हो अर्थात त्यस्तो स्थानीय तह जसले आफ्ना आवश्यकताहरू जस्तै आर्थिक, खाद्यान्न, ऊर्जा, स्वास्थ्य, शिक्षा र प्रविधी आन्तरिकरुपमै पूरा गर्न सामर्थ्य राख्दछन् ती सबै आत्मनिर्भर स्थानीय तह हुन । यसरी आत्मनिर्भर स्थानीय तहले देश र अन्तराष्ट्रिय बजारको उतारचढावको प्रभावलाई कम गरी जनतालाई सहजता दिने कार्य गर्दछ । आत्मनिर्भर स्थनीय तहले आफ्ना जनतालाई सशक्त बनाउँदै स्थानीय उत्पादन, उद्योग, र सेवाहरूको प्रवर्द्धन गरी स्थानीय क्षेत्रमै रोजगारीका नयाँ अवसरहरू सिर्जना गरी जनताको जीवनस्तरमा सुधार ल्याउन सक्दछ । आफ्नै स्रोतहरूमा आधारित सेवा र उत्पादनले जनतालाई सस्तो र गुणस्तरीय सेवा प्राप्त गर्न मद्दत पुऱ्याउँछ । स्थानीय उत्पादनको बजारक्षेत्र अन्य स्थानीय तहसम्म विस्तार भई निर्यातमुखि अर्थतन्त्र हुन जान्छ र क्रमशः त्यस क्षेत्रको आयातमा निर्भरतालाई न्यूनीकरण गर्दछ । आत्मनिर्भरताले आफ्नो सुरक्षा र सार्वभौमसत्तालाई बलियो बनाउँछ । खाद्य, ऊर्जा, र प्रविधिमा आत्मनिर्भरता हुँदा बाह्य दबाबको सामना गर्न सजिलो हुन्छ ।

यसरी आत्मनिर्भर स्थानीय तह एक आदर्श हो जसले दिगो र समावेशी विकासको मार्ग प्रशस्त गर्छ। आन्तरिक स्रोतहरूको अधिकतम उपयोग, स्थानीय उत्पादनको प्रवर्धन, र जनताको सशक्तिकरण मार्फत आत्मनिर्भरता प्राप्त गर्न सकिन्छ । यसले स्थानीय तहलाई आर्थिक, सामाजिक, र राजनीतिक दृष्टिले सबल र स्थिर बनाउँछ । यसरी आत्मनिर्भरताको फाईदाहरुलाई बुँदागतरुपमा निम्न बमोजिम राख्न सकिन्छ।

**क. खाद्य सुरक्षा**

खाद्य आत्मनिर्भरता प्राप्त गर्दा स्थानीय तहले आफ्नो जनताको खाद्य सुरक्षा सुनिश्चित गर्न सक्छ। यसले खाद्यान्नको अभावको समस्या समाधान गर्छ।

**ख. आयातमा निर्भरता घटाउनु**

खाद्य वस्तुहरूको आयातमा निर्भरता घटाउँदा स्थानीय तहको आर्थिक स्थिति सुधार हुन्छ। विदेशी मुद्रा बचत हुन्छ र व्यापार घाटा कम हुन्छ।

**ग. स्थानीय अर्थतन्त्रको विकास**

स्थानीय खाद्य उत्पादन र प्रशोधन उद्योगले ग्रामीण अर्थतन्त्रलाई सबल बनाउँछ। यसले रोजगार सिर्जना गर्छ र ग्रामीण क्षेत्रको आर्थिक उन्नति गर्छ।

**घ. पोषण सुधार**

स्थानीय उत्पादनले ताजा र पोषणयुक्त खाद्य वस्तुहरूको आपूर्ति सुनिश्चित गर्छ। यसले जनताको पोषण स्तर सुधार्न मद्दत पुर्‍याउँछ।

**ङ. वातावरणीय लाभ**

स्थानीय स्तरमा उत्पादन गर्दा खाद्य वस्तुहरूको ढुवानी कम हुन्छ, जसले कार्बन फुटप्रिन्ट घटाउँछ। दिगो खेती प्रणाली अपनाउँदा माटोको स्वास्थ्य र जैव विविधता संरक्षणमा मद्दत गर्छ।

खाद्य आत्मनिर्भरता स्थानीय तहको दीर्घकालीन विकास र स्थायित्वको लागि अत्यन्त आवश्यक छ। यसले आर्थिक, सामाजिक, र वातावरणीय दृष्टिले सकारात्मक प्रभाव पार्छ। स्थानीय तहले खाद्य आत्मनिर्भरता प्राप्त गर्न योजनाबद्ध रूपमा कृषि र खाद्य उत्पादनमा लगानी गर्नु महत्वपूर्ण हुन्छ।

## १.२ अध्ययनको आवश्यकता

स्थानीय तहको खाद्य उत्पादन सम्बन्धी अध्ययनको आवश्यकता अत्यन्त महत्त्वपूर्ण छ। यस्तो अध्ययनले नीतिगत निर्णयहरू, आर्थिक विकास, पोषण सुरक्षा, र कृषि क्षेत्रमा सुधार ल्याउन मद्दत गर्दछ। यस प्रतिवेदनमा स्थानीय तहको खाद्य उत्पादनमा विशेष गरी दूध उत्पादन सम्बन्धी अध्ययनको आवश्यकता र महत्त्वको विभिन्न पक्षहरूको विश्लेषण गरिएकाछन् जून यस प्रकार रहेका छन्।

**१. उत्पादन क्षमता र प्रवृत्तिको मूल्याङ्कन**

उत्पादन स्तर: अध्ययनले स्थानीय तहको विभिन्न क्षेत्रहरूमा दूध उत्पादनको स्तर के कस्तो छ भन्ने पत्ता लगाउन मद्दत गर्छ।

उत्पादन प्रवृत्ति: दूध उत्पादनमा भइरहेको परिवर्तनको विश्लेषण गरेर भविष्यमा उत्पादन प्रवृत्ति कस्तो हुन सक्छ भनेर पूर्वानुमान गर्न सकिन्छ।

**२. पोषण सुरक्षा**

पोषण स्थिति: अध्ययनले जनताको पोषण स्थिति सुधार्न दूध उत्पादनको योगदान के कस्तो छ भन्ने जानकारी दिन्छ।

आपूर्ति सुनिश्चितता: दूधको आपूर्ति सन्तुलित गर्न र खाद्य सुरक्षालाई सुनिश्चित गर्न अध्ययनले महत्त्वपूर्ण तथ्यांक प्रदान गर्छ।

**३. आर्थिक विकास**

रोजगारी सिर्जना: दूध उत्पादनसँग सम्बन्धित उद्योग र व्यवसायहरूले कति रोजगार सिर्जना गर्छन् भन्ने जानकारी दिन्छ ।

आर्थिक योगदान: दूध उत्पादनको स्थानीय तहको कुल अर्थतन्त्रमा कति योगदान छ भन्ने जानकारी दिन अध्ययन आवश्यक छ ।

**४. नीतिगत निर्णय**

नीति निर्माण: अध्ययनको आधारमा दूध उत्पादन र वितरणका लागि उपयुक्त नीति निर्माण गर्न सकिन्छ ।

सरकारी सहयोग: किसानहरूलाई प्रविधि, वित्तीय सहायता, र बजार पहुँचको लागि सरकारले कस्तो सहयोग दिनुपर्छ भन्ने कुरा अध्ययनले निर्धारण गर्न मद्दत गर्छ ।

**५. उत्पादन प्रक्रियामा सुधार**

उत्पादन प्रविधि: अध्ययनले दूध उत्पादनमा प्रयोग हुने प्रविधिको अवस्था के कस्तो छ भनेर मूल्याङ्कन गर्छ र सुधार गर्न सुझाव दिन्छ ।

गुणस्तर सुधार: दूधको गुणस्तर सुधार्नका लागि के-के सुधारहरू गर्न आवश्यक छ भन्ने जानकारी दिन्छ ।

**६. पर्यावरणीय प्रभाव**

पर्यावरण संरक्षण: दूध उत्पादन प्रक्रियाले वातावरणमा पर्ने प्रभावको विश्लेषण गरेर दिगो उत्पादन प्रणाली अपनाउन सुझाव दिन्छ ।

जनावरहरूको स्वास्थ्य: गाई, भैंसी आदि जनावरहरूको स्वास्थ्य स्थितिको विश्लेषण गरेर जनावरहरूको कल्याणमा सुधार गर्न सुझाव दिन्छ ।

**७. बजार विश्लेषण**

बजार माग: दूध र दूधजन्य उत्पादनहरूको बजार माग के कस्तो छ भन्ने पत्ता लगाउन मद्दत गर्छ ।

मूल्य निर्धारण: अध्ययनले दूधको मूल्य निर्धारणमा के-के पक्षहरूको ध्यान दिनुपर्छ भनेर विश्लेषण गर्छ ।

**८. सामाजिक लाभ**

ग्रामीण विकास: दूध उत्पादनमा लागेका ग्रामीण क्षेत्रका मानिसहरूको जीवनस्तरमा सुधार गर्न अध्ययनले महत्त्वपूर्ण तथ्यांक प्रदान गर्छ ।

महिला सशक्तिकरण: दूध उत्पादनमा महिलाहरूको सहभागिता कस्तो छ र उनीहरूको आर्थिक सशक्तिकरणमा कस्तो भूमिका खेलिरहेको छ भन्ने अध्ययनले देखाउँछ ।

स्थानीय तहको दूध उत्पादन सम्बन्धी अध्ययनले विविध पक्षहरूमा महत्त्वपूर्ण जानकारी प्रदान गर्छ जसले नीति निर्माण, आर्थिक विकास, पोषण सुरक्षा, र दिगो कृषि उत्पादनमा सुधार ल्याउन मद्दत पुऱ्याउँछ । यस्तो अध्ययनले दूध उत्पादन क्षेत्रको समग्र विकास र स्थानीय तहको समृद्धिमा ठुलो योगदान पुऱ्याउँछ ।

## १.३ अध्ययनका उद्देश्य:

यस प्रतिवेदनको प्रमुख उद्देश्य कुनै स्थानीय तहको दूध उत्पादनमा आत्मनिर्भरता आकलन गरी दूध उत्पादन क्षमता र उपभोग आवश्यकताको तुलनात्मक विश्लेषण गर्नु हो । यसमा नगरले दूध उत्पादन र उपभोग बीचको अन्तराल बुझेर स्थानीय तहले आन्तरिक रूपमा नै आफ्नो दैनिक र वार्षिक दूध आवश्यकतालाई पूरा गर्न सक्षम छ वा छैन भन्ने कुरा पत्ता लगाउनु रहेको छ । दूध आत्मनिर्भरता आकलन गरी सो स्थानीय तहको आवश्यकताको पहिचान गर्न, कति दूध उत्पादन हुन्छ र कति दूधको माग छ भन्ने कुरा विश्लेषण गर्न, स्थानीय तहलाई आवश्यक दुग्ध उत्पादन सम्बन्धी नीतिहरू बनाउन र सुधार गर्न, आत्मनिर्भरता बढाउनका लागि आवश्यक कदमहरू निर्धारण गर्न, स्थानीय तहको आन्तरिक उत्पादनलाई बढावा दिँदै आर्थिक स्थिरता प्राप्त गर्न, आयातमा निर्भरता घटाउन र आन्तरिक स्रोतहरूको उचित प्रयोग गर्न, स्थानीय तहको जनसंख्यालाई पर्याप्त दूध आपूर्ति गरेर खाद्य सुरक्षा सुनिश्चित

गर्न, भविष्यमा दूधको अभावको सम्भावनालाई न्यून गर्न, सामाजिक-आर्थिक विकास दुग्ध उत्पादनमा संलग्न किसानहरूको आय वृद्धि र ग्रामीण विकासलाई प्रोत्साहित गर्न, रोजगार सिर्जना गर्न र ग्रामीण अर्थतन्त्रलाई मजबुत बनाउन पनि यो अध्ययन प्रतिवेदनको प्रमुख उद्देश्य रहेको छ। प्रस्तुत प्रतिवेदनको उद्देश्य विभिन्न पक्षहरूमा राज्यको दूध उत्पादन क्षमताको विश्लेषण, मूल्याङ्कन, र सुधारका लागि आवश्यक सिफारिसहरू प्रदान गर्नु पनि हो। यस्तो प्रतिवेदनले दूध उत्पादन क्षेत्रमा आत्मनिर्भरता हासिल गर्न निम्न उद्देश्यहरू राख्न सक्छ:

१. उत्पादन क्षमताको मूल्याङ्कन
२. पोषण सुरक्षा
३. आर्थिक विकासमा योगदान
४. नीति निर्माणका लागि आधार
५. उत्पादन प्रक्रियाको सुधार
६. पर्यावरणीय प्रभावको मूल्याङ्कन
७. बजार विश्लेषण
८. सामाजिक लाभ

यसरी यस प्रतिवेदनको उद्देश्य स्थानीय तहकोको दूध उत्पादन क्षेत्रको समग्र मूल्याङ्कन गरी त्यसमा सुधार ल्याउन आवश्यक नीतिगत, प्रविधिगत, आर्थिक, र सामाजिक सिफारिसहरू प्रदान गर्नु हो। यसले राज्यलाई दूध उत्पादनमा आत्मनिर्भर बनाउन र आर्थिक समृद्धिमा योगदान पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्नेछ।

## १.४ अध्ययनका क्षेत्र

यस प्रतिवेदनको लागि अध्ययनका क्षेत्रहरू विभिन्न पक्षहरू समेटेर तयार गर्नुपर्छ। यी क्षेत्रमा समग्र रूपमा अध्ययन गर्दा दूध उत्पादनको वर्तमान अवस्था, चुनौतीहरू, अवसरहरू, र भविष्यका योजनाहरू स्पष्ट रूपमा बुझ्न सकिन्छ। अध्ययनका प्रमुख क्षेत्रहरू तल उल्लेख गरिएका छन्:

१. **भौगोलिक र पर्यावरणीय अध्ययन (Geographical and Environmental Study):**
- क्षेत्रीय वितरण: प्रमुख दूध उत्पादन क्षेत्रहरूको भौगोलिक स्थिति
- जलवायु प्रभाव: दूध उत्पादनमा मौसम र जलवायु परिवर्तनको प्रभाव
- भूमि उपयोग: दूध उत्पादनमा प्रयोग हुने जमिनको अवस्था र क्षमता

२. **उत्पादन प्रणाली र प्रविधि (Production Systems and Technology)**
- पालन प्रविधि: दुग्ध उत्पादनमा प्रयोग गरिने प्रविधि र प्रणालीहरू
- पशुपालन: गाई, भैंसी आदि पशुहरूको पालन, स्वास्थ्य, र पोषण
- प्रजनन विधि: प्रजननको अवस्था, प्रविधि, र उत्पादनमा यसको प्रभाव

३. **आर्थिक विश्लेषण (Economic Analysis)**
- उत्पादन लागत: दूध उत्पादनमा लाग्ने खर्च, उत्पादन लागत, र फाइदाको विश्लेषण
- आय र खर्च: दुग्ध उत्पादक किसानहरूको आय र खर्चको विश्लेषण
- बजार मूल्य: दूधको मूल्य निर्धारण र बजारमा मूल्य अस्थिरता

४. **सामाजिक-आर्थिक अवस्था (Socio-Economic Status)**
- किसानहरूको जीवनस्तर: दुग्ध उत्पादक किसानहरूको सामाजिक र आर्थिक स्थिति
- रोजगार: दूध उत्पादन र प्रशोधनमा संलग्न व्यक्तिहरूको रोजगार अवस्था
- महिला सहभागिता: दुग्ध उत्पादनमा महिलाहरूको भूमिका र सहभागिता

५. **आपूर्ति श्रृंखला (Supply Chain)**

बाणगंगा नगरपालिका, कपिलवस्तु

- दूध सङ्कलन र वितरण: दूध सङ्कलन केन्द्रहरू, वितरण प्रणाली, र यसका चुनौतीहरू
- प्रशोधन उद्योग: दूध प्रशोधन केन्द्रहरू, उत्पादन प्रक्रिया, र यसको क्षमता
- लजिस्टिक्स: दूधको यातायात, भण्डारण, र यसको समस्याहरू

**६. गुणस्तर र सुरक्षा (Quality and Safety)**

- गुणस्तर मापन: दूधको गुणस्तर परीक्षण, मापन विधि, र मापदण्डहरू
- स्वास्थ्य सुरक्षा: दूधको स्वच्छता, स्वास्थ्य सुरक्षा मापदण्ड, र उपभोक्ताको स्वास्थ्यमा प्रभाव
- नियमन र नीति: दुग्ध उत्पादन र प्रशोधनमा लागु हुने सरकारी नीति र नियमहरू

**७. बजार विश्लेषण (Market Analysis)**

- मांग र आपूर्ति: दूधको माग र आपूर्तिको विश्लेषण
- वितरण रणनीति: दूध र दुग्धजन्य उत्पादनहरूको बजारमा बिक्री रणनीति
- उत्पादन विविधीकरण: दूधबाट बनेका विभिन्न उत्पादनहरू, जस्तै दही, पनीर, घ्यू आदि

**८. समस्या र चुनौतीहरू (Problems and Challenges)**

- प्राविधिक समस्या: उत्पादनमा प्रयोग हुने पुराना प्रविधिहरू, पशुको स्वास्थ्य समस्या
- आर्थिक चुनौतीहरू: उत्पादन लागत, बजार मूल्य अस्थिरता, वित्तीय सहायता अभाव
- सामाजिक चुनौतीहरू: किसानहरूको सामाजिक-आर्थिक समस्या, महिला सहभागिताको अभाव

**९. समाधान र सुझावहरू (Solutions and Recommendations)**

- प्राविधिक सुधार: आधुनिक प्रविधिको प्रयोग, प्रजनन सुधार, पशुको स्वास्थ्य व्यवस्थापन
- आर्थिक सुधार: वित्तीय सहायता, अनुदान, मूल्य स्थिरीकरण नीति
- नीतिगत सुधार: दुग्ध उत्पादन र प्रशोधनका लागि अनुकूल नीति निर्माण
- सामाजिक सुधार: किसानहरूको क्षमता विकास, महिला सहभागिता प्रोत्साहन

**१०. भविष्यका योजनाहरू (Future Plans)**

- लामो समयको योजना: दुग्ध उत्पादन र प्रशोधनका लागि दीर्घकालीन योजना
- विकास र अनुसन्धान: दुग्ध उत्पादनमा नयाँ प्रविधिको अनुसन्धान र विकास
- दिगो उत्पादन: पर्यावरण मैत्री उत्पादन प्रणाली र दिगो विकासका लागि योजना

यस प्रकारका अध्ययन क्षेत्रहरूमा विस्तृत विश्लेषण गरी प्रतिवेदन तयार गर्दा स्थानीय तहको दूध उत्पादनको वर्तमान अवस्था, चुनौतीहरू, र सम्भावनाहरू स्पष्ट रूपमा बुझ्न सकिन्छ, जसले नीति निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

## १.५ अध्ययनको विधि

कुनै पनि प्रतिवेदन तयार पार्नको लागि आवश्यक तथ्याङ्कहरुको वस्तुपरल विश्लेषण गर्न विभिन्न माध्यमहरु रहेका हुन्छन् । प्रतिवेदनलाई बृहतरुपमा पेश गर्न, तथ्याङ्कहरुबाट आवश्यक जानकारी प्राप्ती र तथ्याङ्कको स्पष्ट विश्लेषण आफैंमा जटिल प्रक्रिया हुन्छ । त्यसैले, अध्ययनको लागि निम्न माध्यम वा विधिहरुको प्रयोग आवश्यक रहेका छन् ।

१. सर्वेक्षण (Survey):
   पशुपन्छी तथ्याङ्क संकलन निर्देशिका बमोजिमका प्रश्नावलीहरुलाई प्रविधिको प्रयोग मार्फत तथ्याङ्क सङ्कलन अनलाइनमार्फत गराईएको थियो ।

२. साक्षात्कार (Interview):
   व्यक्तिहरूसँग प्रत्यक्ष कुराकानी गरी जानकारी सङ्कलन गर्न पशुपन्छी तथ्याङ्क संकलनकर्ताहरुलाई अभिमूखिकरण गरी सम्बन्धित ठाउँहरुमा तथ्याङ्क संकलनका लागि पठाइएको थियो ।

३. प्रत्यक्ष अवलोकन (Direct Observation):

प्रत्यक्ष रूपमा विषयवस्तुको अध्ययनका लागि सम्बन्धित पशुपालक कृषकहरुको गोठ तथा फर्महरुको प्रत्यक्ष अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

४. दस्तावेज विश्लेषण (Document Analysis): अनलाईनमा भएका विभिन्न प्रकाशित लेख, रचना, प्रतिवेदनहरु र पशुपन्छी विकास मन्त्रालय र प्रदेश स्तरीय मन्त्रालयहरुद्वारा प्रकाशित प्रतिवेदन तथा विभिन्न स्थानीय तहका प्रतिवेदनको अध्ययन गरेर जानकारी सङ्कलन गरिएका छन् साथै सोही आधारमा रिपोर्ट, लेख, पुराना अभिलेखहरू आदि विश्लेषण गरिएका छन् ।

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

# परिच्छेद २
# विषयवस्तुको पृष्ठभूमि

## २.१ परिचय

बाणगङ्गा नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत कपिलवस्तु जिल्लामा पूर्वपश्चिम महेन्द्र राजमार्गसँग जोडिएको एक नगरपालिका हो । मुख्यत बाणगङ्गा नदीको सिंचित क्षेत्र भएकै कारण यस नगरपालिकाको नामाकरण बाणगङ्गा नगरपालिका हुन पनि स्वाभाविक र न्यायोचित देखिन्छ । प्राचिन भागिरथी नदीको प्रतिक मानिएको यो बाणगङ्गा नदीको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्व रहेको छ । भगवान रामचन्द्रले बनवासमा रहँदा पानीको समस्यादेखि बाण प्रहार गरी पानीको मुल फुटेर गंगाको रुपमा परिणत भई बाणगङ्गा नदीको नामाकरण भएको बुझिन्छ । बाणगङ्गा नगरपालिका एक पावन भूमि जहाँ शाक्य दर्शनका प्रणेता महर्षी कपिलमुनिको तपोभूमि, श्रृङ्गिघाट, मधुवनधाम, लक्ष्मणघाट आदि पवित्र तिर्थस्थलकोसँगम रहेको यो नदी र यसको नामबाट पुकारिने यस नगरपालिकाको महत्व पनि ऐतिहासिक हुने कुरामा विश्वस्त हुन सकिन्छ । बाणगङ्गा नगरपालिका, बुटवल उपमहानगरपालिकाबाट २० कि.मि उत्तर पूर्व र राजधानी काठमाडौंबाट २९८ कि.मि पश्चिमको दूरीमा अवस्थित छ । यसको उत्तरतर्फ अर्घाखाँचीको सितगंगा नगरपालिका, पश्चिममा बुद्धभुमी नगरपालिका र कपिलवस्तुका नगरपालिका, पूर्वमा रुपन्देहीको सैनामैना नगरपालिका र कञ्चन नगरपालिका, दक्षिणमा कपिलबस्तुको मायादेवी गाउँपालिका र शुद्धोधन गाउँपालिका र दक्षिण पूर्वमा रुपन्देहीको गैंडाहावा गाउँपालिका पर्दछन् । कपिलवस्तु जिल्ला साविक गा.वि.सहरु बाणगङ्गा, हथौसा, पटना, गजेहडा, कोपवा, मोतिपुर र भलवाडलाई मिलाई नेपाल सरकारले २०७३/८/१६ को मन्त्री परिषदको निर्णय बमोजिम बाणगङ्गा नगरपालिका घोषणा गरेको छ ।

यस नगरपालिका भित्र बसोबास गर्ने जातजातिमा थारु, ब्राह्मण, क्षेत्री, गुरुङ्ग, मगर, दलित, यादव र मुसलमान लगायतका जातजाति रहेका छन । मिश्रित जातजातिको बसोबास रहेको यस बाणगङ्गा नगरपालिकामा बसोबास गर्ने मानिसहरुको मुख्य पेशा कृषि, व्यापार, उद्योग, नोकरी तथा ज्यालादारी आदि रहेको छ । यहाँ मुख्य गरी धान, मकै, गहुँ, तोरी, माछापालन, कुखुरा, मौरी पालन अन्य पशुपालन लगायतका कृषि तथा पशुजन्य उत्पादनहरु बढी हुने गरेको छ । यस क्षेत्रको औसत उचाई समुन्द्र सतह देखिँ १०५ देखि ४९५ मिटरसम्म रहेको छ । यस क्षेत्रको औसत अधिकतम तापक्रम ४१ डिग्री सेलिसयस र न्यनतम १० डिग्री सेलिसयस रहेको पाइन्छ ।

## २.२ भौगोलिक अवस्थिति

| विषय | विवरण | | |
|---|---|---|---|
| परिचय | बाणगङ्गा नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत कपिलवस्तु जिल्लामा पूर्वपश्चिम महेन्द्र राजमार्गसँग जोडिएको एक नगरपालिका हो । | | |
| **नेपालको मानचित्रमा बाणगङ्गा नगरपालिकाको भौगोलिक अवस्थिति निम्नानुसार रहेको छ ।** | | | |
| प्रदेश | लुम्बिनी | | |
| जिल्ला | कपिलवस्तु | | |
| नगरपालिका | बाणगङ्गा नगरपालिका | | |
| वडा संङ्ख्या | ११ | | |
| संघीयता पश्चात वडा विभाजन | हालको वडा नं. | समावेश भएका साबिकका गा.वि.स. | साबिक वडा नं. |
| | १ | बाणगङ्गा गा.वि.स. | ७, ८, ९ |
| | २ | बाणगङ्गा गा.वि.स. | १, २, ३, ४, ५, ६ |

| विषय | विवरण | | |
|---|---|---|---|
| | ३ | गजेहडा गा.वि.स. | ३, ४, ५, ६, ८, ९ |
| | ४ | गजेहडा गा.वि.स. | ७, २, १ |
| | ५ | कोपवा गा.वि.स. | १, २, ३, ५, ७ |
| | ६ | कोपवा गा.वि.स. | ४, ६, ८, ९ |
| | ७ | मोतिपुर गा.वि.स. | १, २, ३ |
| | ८ | मोतिपुर गा.वि.स. | ४, ५, ६, ७, ८, ९ |
| | ९ | भलवाड गा.वि.स. | साबिकका सबै वडाहरु |
| | १० | पटना गा.वि.स. | साबिकका सबै वडाहरु |
| | ११ | हथौसा गा.वि.स. | साबिकका सबै वडाहरु |
| संघीयता पूर्व नगरपालिकामा समायोजन भएका गाविस तथा वडाहरु | १ | बाणगङ्गा | ७,८,९ |
| | २ | | २,४,६ |
| | ३ | | १,३,५ |
| | ४ | पटना | २,३,४,५,६ |
| | ५ | | १,७,८,९ |
| | ६ | हथौसा | ४,५,६,७,८ |
| | ७ | | १,२,३,९ |
| | ८ | गजेहडा | ९,३,८ |
| | ९ | | ४,५,६ |
| | १० | | १,२,७ |
| | ११ | कोपवा | १,२,३,५ |
| | १२ | | ४,६,७,८,९ |
| | १३ | मोतिपुर | १,२,३ |
| | १४ | | ४,६,७ |
| | १५ | | ५,८,९ |
| | १६ | भलवाड | १,२,३,४,५ |
| | १७ | | ६,७,८,९ |
| सम्पर्क नं. | ०७६-५५०३८३ | | |
| गुगल प्लस कोड | M५QF+४८ | | |
| इमेल | bangangamun@gmail.com/ info@bangangamun.gov.np | | |
| भौगोलिक अवस्थिति | अक्षांश २७° ३५' ०९" देखि २७ ° ४७' ००" र देशान्तर ८३ ° ०४' ००" देखि ८३ ° १५' ५१" | | |
| क्षेत्रफल | २३३.६३ वर्ग किलोमिटर | | |
| उचाई | १०५ देखि ४९५ मिटरसम्म | | |
| सिमाना | उत्तरतर्फ अर्घाखाँचीको सितगंगा नगरपालिका, पश्चिममा कपिलवस्तुको | | |
| | बुद्धभूमि नगरपालिका र कपिलवस्तु नगरपालिका | | |
| | पूर्वमा रुपन्देहीको सैनामैना नगरपालिका र कञ्चन गाउँपालिका | | |
| | दक्षिणमा कपिलवस्तुको मायादेवी गाउँपालिका र शुद्धोधन गाउँपालिका र दक्षिण पूर्वमा रुपन्देहीको गैंडाहवा गाउँपालिका | | |
| औसत लम्बाइ | पूर्व-पश्चिम लम्बाईः २२ कि.मी. | | |
| औसत चौडाइ | उत्तर-दक्षिण चौडाईः १४ कि.मी. | | |
| जलवायु | उष्ण | | |

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

## २.३ ऐतिहासिक चिनारी तथा नामाकरण

यस नगरपालिकामा रहेका धार्मिक तथा ऐतिहासिक स्थललाई वडागत रूपमा तलको तालिका मा प्रस्तुत गरिएको छ यस ठाउँहरूको विकास र विस्तार गर्न सके बाणगङ्गा नगरपालिकाको ऐतिहासिक स्थलहरूको संरक्षण हुनुका साथै स्थानीयहरूको आर्यआर्जनमा पनि बृद्धि गर्न सकिने सम्भावना देखिन्छ।

## २.४ धरातलीय अवस्था

भौगोलिक रूपमा अक्षांश २७° ३४'२०.७''देखि २७° ४६'५८.६१''देशान्तर ८३° ४'१.९९''देखि ८३° १३' ५३.७४''र समुद्री सतहबाट १०५ मि.देखि ४९५ मि. उचाइसम्म फैलिएको यो नगरपालिका तराई र सिवालिक क्षेत्रमा पर्दछ।

## २.५ नगरको प्रमुख बस्ती तथा जनसङ्ख्या सम्बन्धी तथ्याङ्क

बस्ती भन्नाले कुनै पनि ठाउँमा निश्चित क्षेत्र ओगटेर बसेका जनसङ्ख्याको समूहलाई जनाउँदछ। परिवार, घर तथा टोल मिलेर एउटा बस्तीको संरचना हुन्छ। जहाँ भौतिक तथा जैविक पर्यावरणको अवस्थिति तथा सन्तुलन रहेको हुनुपर्छ। वास्तवमा कुनै पनि क्षेत्रको विकास तथा विस्तार हुनको लागि त्यस क्षेत्रमा रहेका बस्तीको ठूलो योगदान रहेको हुन्छ। "थोपा थोपा मिलेर जसरी सागर बनेको हुन्छ त्यसैगरी बस्ती–बस्ती मिलेर वडा अनि वडा–वडा मिलेर सिङ्गो गाउँ/नगरको स्वरूप तयार भएको हुन्छ। यस नगरपालिकामा रहेका ११ वटा वडामा अवस्थित प्रमुख बस्तीहरू तथा वडागत रूपमा रहेको घरपरिवार विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

***तालिका: बस्तीहरु***

| वडा नं. | प्रमुख बस्तीहरू |
|---|---|
| १ | उत्तमनगर, बैरिया, निवुवा, बठनपुरा, मन्द्रेली टोल, शान्ती टोल, श्रीनगर डाँडा, जितपुर र बुङ्ची |
| २ | नन्दनगर, राजपुर, ताप्के, बैजलपुर, उत्तर पिपरा, दक्षिण पिपरा, कोलोनी टोल, गोवडिया, कप्टैया, गब्दैया, लखनपारा, कुनैया, तिनैया र बिसनपुरा |
| ३ | सिउटी, कर्महाना, तिलकहाना, बभनी, राजापानी, भक्तौली, धनकौली, झुँगा, गंगौलिया, ठाँटी र चम्किपुर |
| ४ | गजेहडा, सैनिक टोल, गोल्डेन होराइजन चोक, तिनकुने, कालाबन्जर, ठाकुरापुर, माथिल्लो ठाकुरापुर, निविया, लखरौवा, कुवेरापुर, झुँगा, तल्लो झुँगा, इट्टाभट्टी चोक, हरिहरपुर, माथिल्लो हरिहरपुर, शिवालय, डुगहवा, सालडाडा, शान्ति डाडा, सिद्धिपुर बजार, सिद्धिपुर, पुरानो टोल, दरखास्त गाउँ र ४ नं बजार |
| ५ | श्रीनगर टोल, व्याडा टोल, शान्ती टोल, मधौलिया टोल, मटेरिया, भठ्टा, दुर्गा नगर, ईट्टा भट्टा,, दक्षिण टोल, सिमलखोर, स्कुल टोल, खुटनी, लोहरीबगिया, सातमोहने, बैकुण्ठपुर, झण्डा गाउँ, फरवार, विद्यालय टोल, पथरैया टोल, सुन्दरनगर, नयाँ टोल, औरहिया, कोपवा गाउँ, बगहवा, झोलनीपुर, कोपवा बजार लाईन, अन्नपुर्ण टोल, र प्रतिडाँडा |
| ६ | बैदौली झुलेनीपुर, सुठौली, वनकसिया, देउराली टोल, वनकसिया थारु टोल, भाट सुकुम्बासी टोल, अमौली, तिनघेरवा, फुलावारी टोल, भगलापुर, मन्दिर टोल, पिपरिया टोल, मनोहरापुर, गणेशपुर, गन्धर्व टोल, प्रतिडाँडा, लक्ष्मणघाट |
| ७ | वनरहवा, नयाँ गाउँ, वग्नहवा, भुईपुरा, बाडी गाउँ, कोइली बनगाई, उत्तर थारु गाउँ, नयाँ टोल, मोतिपुर डाडा, मोतिपुर, खधुर पाइला, धैरेनी डाँडा ख, मन्दिर टोल, बनगाई, शान्ती टोल, घेरवा बनगाई, पानी टंकी टोल, र तिनघेरवा |
| ८ | बोडगाउँ, बालापुर, शिशेनि, धनेशपुर, चप्परगाउँ, गन्सहवा, ढोडेकोल, बाणिगाउँ, उदयपुर, कुकरघोला, मोर्मी, कोइलिपार, बण्डौली, उदयपुर, लौगाई, मधुवन, बाणगङ्गा पुल्चोक, बाणगङ्गा क्रेशर, मधुवन र बण्डौली भाटा |
| ९ | चौवाह, भलवाड, बर्दहवा, बक्सिसपुर, जिनुवा, पूर्व जिनुवा, पश्चिम जिनुवा, पडरिया, भर्तापुर र भर्लावास |
| १० | भावपुर, भगवानपुर, पकडीचापा, जयपुर, बहादुरपुर, गोगापुर, बिरपुर, सोनपुर, मोतिपुर, धरमपुर, बालापुर, दानापुर, पिपरा, मझौवा, ठूलो ठेकही, सानो ठेकही, करैलिया, मेचकुरी, मेचकुरी डाँडा, पटना, अहिरौली, बनगवा, रत्तनपुर, गल्हा, सानो गल्हा, ठूलो गल्हा र नौगईया |

| वडा नं. | प्रमुख बस्तीहरू |
|---|---|
| ११ | हथौसा, मैनहरा, मैरी, देउवापार, ओदारी, मर्थि, प्रोजेक्ट टोल, घरबुधिया, भडसडवा, बनकटवा, भड्डिहवा, दक्षिण चेतिया, उत्तर चेतिया, चितरपुरा, बरवा र पदमपुर |

## २.६ जनसख्या वितरणको अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार बाणगङ्गा नगरपालिकाको कुल जनसङ्ख्या ९६७१४ मध्ये पुरुषको सङ्ख्या ४५४०७ र महिलाको सङ्ख्या ५१३०७ रहेको देखिन्छ भने जम्मा घरपरिवार सङ्ख्या २३३२५ रहेको देखिन्छ। त्यसैगरी लैङिक अनुपात १:१.१२९ (प्रति १०० पुरुषमा ११३ महिला) रहेको र यस नगरपालिकामा औसत परिवार सङ्ख्या ४.१५ रहेको छ। यस नगरपालिकाको जनघनत्व ४१३.९६ प्रति व.कि.मी रहेको छ। वडागत रूपमा जनसङ्ख्याको वितरणलाई तलको तालिकामा देखाइएको छ।

***तालिका १: राष्ट्रिय जनगणना अनुसार विभिन्न अवधिको नगरको जम्मा घरधुरी तथा जनसङ्ख्या***

| राष्ट्रिय जनगणना २०७८ | | | | | राष्ट्रिय जनगणना २०६८ | राष्ट्रिय जनगणना २०५८ |
|---|---|---|---|---|---|---|
| वडा | घरधुरी संख्या | जनसंख्या | पुरुष | महिला | जनसङ्ख्या | जनसङ्ख्या |
| १ | २२०३ | ८५४४ | ४०६९ | ४४७५ | ५५४१ | ४३३९ |
| २ | २५६० | १०३७० | ४८०२ | ५५६८ | ७७३९ | ६३५१ |
| ३ | १५५८ | ६७८१ | ३२६४ | ३५१७ | ५७७६ | ४३४२ |
| ४ | २६२७ | १०४२२ | ४८७९ | ५५४३ | ७७०३ | ६६१९ |
| ५ | १५५० | ६५९३ | ३११७ | ३४७६ | ५९६७ | ५४८२ |
| ६ | १३२७ | ५६०८ | २६०३ | ३००५ | ४५६३ | ४२९६ |
| ७ | २०२० | ७७८० | ३५८० | ४२०० | ५७८१ | ४५३० |
| ८ | ३३१२ | १३२४३ | ६१८२ | ७०६१ | ८६७९ | ६३४३ |
| ९ | १६१९ | ६७६२ | ३१०१ | ३६६१ | ५७३२ | ५७८४ |
| १० | २१४० | १००२४ | ४७८३ | ५२४१ | ८८८२ | ७७०४ |
| ११ | २४०९ | १०५८७ | ५०२७ | ५५६० | ९०७२ | ७६५९ |
| **जम्मा** | **२३३२५** | **९६७१४** | **४५४०७** | **५१३०७** | **७५२४२** | **६३४४९** |

*स्रोत: राष्ट्रिय जनगणना, २०७८*

***रेखाचित्र नं.: १***



# परिच्छेद ३
# तथ्याङ्क प्रस्तुतिकरण तथा विश्लेषण

## ३.१. नगरको गाईभैंसी पालन सम्बन्धी वर्तमान अवस्थाः

राष्ट्रिय जनगणना २०७८ अनुसार बाणगङ्गा नगरपालिकाको कुल घरधुरी जम्मा २३,३२५ रहेको छ जसमध्ये ५३.११ प्रतिशत अर्थात १२,३८८ घरधुरी कृषि अन्तर्गत पशुपालनमा संलग्न रहेको देखिन्छ। त्यस्तै गरी, राष्ट्रिय जनगणना २०७८ बमोजिम सबैभन्दा बढी जनसङ्ख्या भएको वडा नं. ८ मा कुल १३,२४३ घरधुरी रहेकोमा पशुपालनमा संलग्न घरधुरी जम्मा १,६१२ रहेकोमा जम्मा ४८.६७ प्रतिशत घरधुरी मात्र पशुपालनमा आश्रित रहेको देखिन्छ। यस्तै गरी, सबैभन्दा बढी वडा नं. ३ को कुल घरधुरी सङ्ख्या १५५८ रहेको मध्ये जम्मा १३७९ (८८.५१ प्रतिशत) घरधुरी पशुपालनमा निर्भर रहेको देखिन्छ भने सबैभन्दा कम पशुपन्छी पालनमा आश्रित घरधुरी रहेको वडा नं. ४ देखिन्छ। उक्त वडाको कुल घरधुरी सङ्ख्या जम्मा २६२७ रहेकोमा जम्मा ६६३ जना (२५.२४ प्रतिशत) मात्र रहेको देखिन्छ। यो वडा बाणगङ्गा नगरपालिकाकै प्रमुख व्यापारिक क्षेत्र भएकोले पनि यहाँ अधिकांश घरधुरीहरु कृषि तथा पशुपन्छी पालन भन्दा व्यापार तथा रोजगारीतर्फ आकर्षिक रहको पाउन सकिन्छ। यसरी, बाणगङ्गा नगरपालिकाको कुल घरधुरी सङ्ख्याको ५३.११ प्रतिशत घरधुरी कृषि अन्तर्गतको पशुपालनमा निर्भर रहेको देखिएको र नगरपालिकाको चौतर्फी विकासको लागि नगरपालिकाले कृषि तथा पशुपन्छी जन्य उत्पादनमा आत्मनिर्भर हुन कृषकहरुलाई अझै बढी प्रोत्साहन गर्नुपर्ने देखिन्छ।

यस नगरपालिकाको पशुपन्छी तथ्याङ्क संकलनकर्ता द्वारा प्रविष्ट गरिएको विवरणको विश्लेषण गर्दा नगर भित्र पशुपन्छी पालन गर्ने कुल घरधूरी १२,३८८ मध्ये सबैभन्दा बढी ७,१८८ घरधुरीहरु बाख्रापालनमा संलग्न रहेका छन् जुन ५८.०२ प्रतिशत हुन आऊँछ। यस नगरपालिकामा अधिकांश पशुपन्छी पालक कृषकले गाईगोरु, भैंसी, बाख्रा, भेडा, सुँगुर/बुंगुर, कुखुरा, मत्स्य तथा कुकुर इत्यादि पालन गरेको र केहीले बटाई चरा, टर्की चरा समेत पालन गर्ने गरेको पशुपन्छी तथ्याङ्क प्रविष्टकर्ताद्वारा प्रविष्ट तथ्याङ्कबाट देखिन् आउँछ । प्रस्तुत विवरणलाई विश्लेषण गरी तलका तालिका तथा रेखाचित्रद्वारा अझ बढी स्पष्ट पार्ने प्रयास गरिएको छ।

***तालिका नं. २ बाणगङ्गा नगरपालिका भित्र रहेका जम्मा घरधूरी र पशुपन्छी पालन पेशामा संलग्न जम्मा घरधुरी***

| राष्ट्रिय जनगणना २०७८ | | | जम्मा घरधुरी | जम्मा प्रतिशत |
|---|---|---|---|---|
| वडा | घरधुरी संख्या | जनसंख्या | पशुपन्छी पालनकर्ता | |
| १ | २२०३ | ८५४४ | ९९१ | ४४.९८ |
| २ | २५६० | १०३७० | १४५८ | ५६.९५ |
| ३ | १५५८ | ६७८१ | १३७९ | ८८.५१ |
| ४ | २६२७ | १०४२२ | ६६३ | २५.२४ |
| ५ | १५५० | ६५९३ | १०२१ | ६५.८७ |
| ६ | १३२७ | ५६०८ | ६५० | ४८.९८ |
| ७ | २०२० | ७७८० | १००० | ४९.५० |
| ८ | ३३१२ | १३२४३ | १६१२ | ४८.६७ |
| ९ | १६१९ | ६७६२ | १०६३ | ६५.६६ |
| १० | २१४० | १००२४ | ११५२ | ५३.८३ |
| ११ | २४०९ | १०५८७ | १३९९ | ५८.०७ |
| **जम्मा** | **२३३२५** | **९६७१४** | १२३८८ | ५३.११ |




***रेखाचित्र २: पशुपालन गर्ने जम्मा घरधुरी सङ्ख्या***

## ३.२ वडागतरुपमा गाईभैंसी पालनमा संलग्न घरधुरी तथ्याङ्क:

तल दिइएको तालिकाबाट नगर भित्र कुल घरधुरी १२,३८८ मध्ये संलग्न कृषकहरुमा जम्मा १,१२८ घरधुरीमा मात्र गाई पालन भएको जुन १.०३% प्रतिशत रहेको छ भने भैंसीपालनमा संलग्न घरधुरी ४९६९ जना रहेका छन्। [ञ]




*तालिका ३: वडागत गाईपालन*

| वडा नं. | गाईपालनमा संलग्न | | कुल जम्मा |
|---|---|---|---|
| | भएको | नभएको | |
| १ | ५९ | ९३२ | ९९१ |
| २ | १२४ | १३३४ | १४५८ |
| ३ | ७२ | १३०७ | १३७९ |
| ४ | ४० | ६२३ | ६६३ |
| ५ | ६३ | ९५८ | १०२१ |
| ६ | ८१ | ५६९ | ६५० |
| ७ | ६६ | ९३४ | १००० |
| ८ | २५० | १३६२ | १६१२ |
| ९ | २०० | ८६३ | १०६३ |
| १० | ९९ | १०५३ | ११५२ |
| ११ | ७४ | १३२५ | १३९९ |
| कुल जम्मा | ११२८ | ११२६० | १२३८८ |

*रेखाचित्र ३: वडागत गाईपालनमा संलग्न घरधुरी सम्बन्धी विवरण*




*तालिका ४: वडागत भैंसीपालन*

| वडा नं. | भैंसीपालनमा संलग्न | | कुल जम्मा |
|---|---|---|---|
| | भएको | नभएको | |
| १ | ३२४ | ६६७ | ९९१ |
| २ | ६५९ | ७९९ | १४५८ |
| ३ | ३९३ | ९८६ | १३७९ |
| ४ | ३५६ | ३०७ | ६६३ |
| ५ | ३९७ | ६२४ | १०२१ |
| ६ | ३९६ | २५४ | ६५० |
| ७ | ३०८ | ६९२ | १००० |
| ८ | ७०० | ९१२ | १६१२ |
| ९ | ५९३ | ४७० | १०६३ |
| १० | ३५४ | ७९८ | ११५२ |
| ११ | ४८९ | ९१० | १३९९ |
| कुल जम्मा | ४९६९ | ७४१९ | १२३८८ |

*रेखाचित्र ४: वडागत भैंसीपालनमा संलग्न जम्मा घरधुरी*




---

[ञ] *स्रोत: पशुपन्छी तथ्याङ्क संकलन प्रतिवेदन २०८०*

## ३.३ नगरपालिकाको दूधालु पशुबाट उत्पादन हुने दूधजन्य पदार्थको तथ्याङ्क:

बाणगङ्गा नगरपालिकाले साना तथा व्यवसायिक किसानलाई हुने गरी गाई/भैंसी पालन तथा प्रवर्द्धन कार्यक्रमहरू संचालन गर्दै आएको छ। दुध उत्पादन व्यवसाय जीविकोपार्जनका लागी महत्वपुर्ण मानिन्छ र कृषि क्षेत्रको धान वाली पछि दुध उत्पादन क्षेत्र कृषिको कुल ग्रहस्थ उत्पादनमा दोस्रो स्थानमा पर्दछ। संयुक्त राष्ट्र संघ कृषि तथा खाद्य संगठनको प्रतिवेदन/प्रक्षेपण अनुसार प्रत्येक २० देखि ३० लि. दुध उत्पादनबाट एक जना व्यक्तिलाई पूर्णकालिन रोजगारी सिर्जना हुने गरेको छ। खाद्य पोषण अनुसार दुध लाई पूर्ण आहार (Complete Food) को रुपमा लिईन्छ। नगरपालिकामा उल्लेख्य दुध उत्पादक सहकारीहरू संचालनमा रहेका छन्। त्यस्ता सहकारीहरूले नगरपालिकाको ग्रामीण क्षेत्रमा उत्पादित दुध शहरी क्षेत्रमा पुऱ्याउन सहयोग गर्दछन्। दुध उत्पादन व्यवसाय द्रुतगतिमा व्यवसायिक रुपमा अगाडि बढीरहेको अध्ययनले देखाएको छ।

आ.व.२०८०/८१ मा नगरपालिकाको कुल गाईको तथ्याङ्क **२३८०** तथा भैँसीको तथ्याङ्क **१०५७८** रहेको छ भने त्यस मध्ये दुधालु गाईको संख्या **१०३८** तथा भैँसीको संख्या **३७८८** रहेको छ जस मध्ये गाईको वार्षिक दुध उत्पादन **२५,३६,५००** लिटर र भैँसीको वार्षिक दुध उत्पादन **६५,८८,९४५** लिटर समेत गरी नगरको जम्मा दुध उत्पादन **९१,२५,४४५** लिटर[६] रहेको छ।

### क) विभिन्न तीन आर्थिक वर्षको दूध उत्पादन तालिका:

| सि.नं. | दूधालु पशुको विवरण | वार्षिक दूध उत्पादन (लिटरमा) | | | कै. |
|---|---|---|---|---|---|
| | | आ.व. ०७८।७९ | आ.व. ०७९।८० | आ.व. ०८०।८१ | |
| १ | गाई | २२९७९२२ | २४०७८१२ | २५३६५०० | |
| २ | भैंसी | ६२२६८२२ | ६५७५३७९ | ६५८८९४५ | |



*रेखाचित्र १: नगरपालिकाको दुध उत्पादन*

### ख) नगरपालिका भित्र गाईभैंसीको संख्यात्मक विवरण:

[६] *स्रोतः पशुपन्छी तथ्याङ्क संकलन प्रतिवेदन-२०८०*

नगरपालिकाको सालवसाली कुल गाई/भैसीको संख्या, दुधालु गाई/भैसीको संख्या तथा दुध उत्पादन सम्बन्धी तथ्याङ्क चित्र द्वारा देखाईएको छ ।

नगरको कुल गाई/ भैंसी संख्यात्मक तालिका:

| सि.नं. | पशुपन्छीको विवरण | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | आ.व. ०७८।७९ | आ.व. ०७९।८० | आ.व. ०८०।८१ | |
| १ | गाई | २१५८ | २२६० | २३८० | |
| २ | भैंसी | ९५८० | १०१४२ | १०६८३ | |




*चित्र २ नगरपालिका भित्र गाई/भैसीको संख्यात्मक विवरण*

## ग) नगरपालिका भित्र दुधालु गाई/भैसीको संख्यात्मक विवरण तालिका:

| सि.नं. | दूधालु गाईभैंसी विवरण | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | आ.व. ०७८।७९ | आ.व. ०७९।८० | आ.व. ०८०।८१ | |
| १ | गाई | ९४१ | ९८६ | १०३८ | |
| २ | भैंसी | ३४३० | ३६३२ | ३७८८ | |




*चित्र ३ नगरपालिका भित्र दुधालु गाई/भैसीको संख्यात्मक विवरण*

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

**घ) नगरपालिका भित्र दुधालु गाई/भैसीको संख्यात्मक विवरण तालिकाः**

| सि.नं. | दूध उत्पादनको विवरण | लिटर | | | कैफियत |
|---|---|---|---|---|---|
| | | आ.व. ०७८।७९ | आ.व. ०७९।८० | आ.व. ०८०।८१ | |
| १ | दूधको आवश्यकता | ८८००९७४ | ८८००९७४ | ८८००९७४ | |
| २ | दूधको उपलब्धता | ८५२४७४४ | ८९८३१९१ | ९१२५४४५ | |

**ङ. बाणगङ्गा नगरपालिका, पशुसेवा शाखामा हालसम्म दर्ता भएका पशुपन्छी तथा मत्स्य उद्योगहरुको विवरण तालिकाः**

| सि.नं. | विवरण | इकाई | परिमाण | कै. |
|---|---|---|---|---|
| १ | दर्ता भएको व्यवसायिक पशुपन्छी फार्महरु (गाई/ भैंसी/ बाख्रा/ बंगुर/ माछा/ कुखुरा) | | | |
| १.१ | गाई फर्म | संख्या | ६७ | |
| १.२ | भैंसी फर्म | संख्या | १३२ | |
| १.३ | गाई/ भैंसी (मिश्रित) फर्म | संख्या | ११५ | |
| १.४ | बाख्रा फर्म | संख्या | ९० | |
| १.५ | बंगुर फर्म | संख्या | ४० | |
| १.६ | माछा फर्म | संख्या | ६३ | |
| १.७ | कुखुरा फर्म | संख्या | २० | |
| | **जम्मा** | | **५२७** | |
| २ | दुग्ध उत्पादक स.सं.लि. / दुग्ध संकलन केन्द्र/ उद्योगहरु | संख्या | १६ | |
| ३ | मासु पसल | संख्या | १५ | |
| ४ | पाराभेट्स | संख्या | २८ | |
| ५ | एग्रोभेट | संख्या | २६ | |
| ६ | NGO | संख्या | ७ | |




बाणगङ्गा नगरपालिका, कपिलवस्तु

## ३.४ तथ्याङ्कको विश्लेषण:

लुम्बिनी प्रदेशको कपिलबस्तु जिल्लामा दुध बढी उत्पादन गर्ने १० पालिका मध्ये बाणगङ्गा नगरपालिका प्रमुख हो। बाणगङ्गा नगरपालिका तथा पालिकासँग जोडिएको अन्य पालिकाहरु तथा छिमेकी जिल्लाहरूमा बढी उत्पादन भएको दुध जाने गरेको छ र सो दुध को विविधिकरण भइ मिठाइ तथा अन्य पदार्थ जस्तै पेडा, वर्फि , लड्डु, कुल्फी, लस्सी, दहि, महि, आईसकिरिम, रसमलाई, रसवरी, लालमोहन, कुरौनि आदि उत्पादन गरी दुध को विविधिकरण भई राम्रो मूल्य व्यवसायीहरूले पाएको अध्ययनबाट देखिएको छ। दुध उत्पादनको लागि वजारीकरण मिशन र लक्ष्यहरू निर्धारण गर्नुपर्छ। यसले व्यापारिक लक्ष्यहरू, बिक्री वितरण, नीति, ब्राण्डिङ र उपभोक्ता सन्तुष्टि समेतलाई समाबेश गर्दछ। दुध उत्पादनको गुणस्तर र सुरक्षा बढाउने बजारीकरण रणनीतिहरू प्रयोग गरिएको पाईएको छ।

बाणगङ्गा नगरपालिका दुग्ध उद्यमी र विभिन्न दुग्ध पदार्थ उत्पादकहरू विशेष गरी (दुध) आदि पदार्थहरुको उत्पादन स्थल हो । बाणगङ्गा नगरपालिकामा दुधको उत्पादन प्रचलित छ र स्थानीयले उत्पादन गर्ने दुधहरू स्थानीय आवश्यकता अनुसार खपत र सेवन गरिएको छ। यस क्षेत्रमा किसान र दुध सहकारीहरू आवद्ध भएको देखिएको छ।

### क) भौगोलिक र पर्यावरणीय अध्ययन:

**उत्पादन क्षेत्रहरू:**

पशुपन्छी तथ्याङ्क संकलन प्रतिवेदन २०८० बाट देखिएको प्राम्भिक तथ्याङ्क अनुसार नगरपालिकाका अधिकांश जनताहरु मध्ये कृषिमा ५३.११ प्रतिशत आबद्ध रहेका छन् । कुल घरधूरी २३३२५ मध्ये १२३८८ घरधूरी पशुपालनमा संलग्न रहेका छन् जसमध्ये ६०९७ घरधूरीमा गाईभैंसी पालिएका छन्। वडागतरुपमा विश्लेषण गर्दा नगरको ८ नं. र ९ नं. वडामा सबैभन्दा बढी जम्मा ४५० वटा घरधूरी गाईपालनमा आबद्ध भएकाछन् भने सबैभन्दा कम वडा नं. ४ मा गाईपालन भएको देखिन्छ । त्यस्तैगरी, भैंसीपालनमा पनि वडा नं. ८ का ७०० घरधूरीहरु संलग्न देखिएको छ भने सबैभन्दा कम वडा नं. ७ मा ३०७ घरधूरीहरुको संलग्नता रहेको देखिन्छ । यसरी नगरपालिका अधिकांश वडाहरुमा गाईभैंसीपालन भएको देखिन्छ।

**दुध उत्पादन र वजारीकरणमा मौसमिक परिवर्तन:**




दूध उत्पादनमा मौसमी प्रतिकूलताको प्रभाव धेरै महत्त्वपूर्ण हुन्छ। मौसमको परिवर्तन र प्रतिकूल मौसमका अवस्थाहरूले दूध उत्पादनमा विभिन्न तरिकाले असर पार्न सक्छन् । यहाँ मौसमी प्रतिकूलताले दूध उत्पादनमा पार्ने प्रमुख प्रभावहरूको विश्लेषण गरिएको छ:

नेपालमा दुध उत्पादनमा मौसमले पनि महत्वपुर्ण भूमिका खेलेको हुन्छ। June, July र August महिना "फ्लश मौसम" मा पर्ने गर्दछ र यसले बाणगङ्गा नगरपालिकाको दुध उत्पादनमा सकारात्मक प्रभाव पार्दछ। यस

समयमा गणुस्तर आहार उपलब्ध हुनुका कारण दुध उत्पादनमा वृद्धि भएको देखिएको छ। त्यसै गरी लिन मौसम November, December र January सम्म हुने भएको हुनाले यस मौसमा हरियो घाँसको अभावका कारणले दुध उत्पादनमा कमीहुने र अन्य Feed Supplements र कन्सन्ट्रेटहरू खुवाउनु पर्ने जसको मूल्य किसानलाई बढि पर्न जाने देखिएको छ। दुध संकलन मात्राको आधारमा फ्लश र लिन मौसमको अनुपात ६५:३५ रहेको छ।




चित्र ५ दुध उत्पादनको मौसमिक विविधता

उच्च तापमानले गाई र भैंसीहरूको दूध उत्पादनमा नकारात्मक असर पार्दछ। तापक्रममा वृद्धि हुनाले पशुहरूको खानामा कमी ल्याउँछ र तनाव बढाउँछ, जसले दूध उत्पादन घटाउँछ भने चिसो मौसममा पशुहरूले आफ्नो शरीरको तापमान सन्तुलन गर्न बढी ऊर्जा खर्च गर्नुपर्छ, जसले दूध उत्पादनमा कमी ल्याउँछ।

**भूमि उपयोग**ः नगरपालिकाका धैरै जसो पशुपालककर्ताहरु साना कृषकहरु रहेको र परम्परागत पशुपालनमानै भर परेको देखिन्छ। गोठहरु अधिकांश कच्ची संरचनाका भएको र सरसफाई निक्कै कम भई पशु स्वास्थ्यमा असर पर्ने देखिन्छ। त्यस्तै, व्यवसायिक पशुपालन गर्ने फर्महरुमा आधुनिक प्रविधिका संरचना निर्माण विस्तारै बढ्दै गएको देखिन्छ। भूमिको प्रयोग पोषिलो घाँस उत्पादन र आधुनिक फर्म संरचनामा प्रयोग भएको र पूर्ण क्षमतामा सञ्चालन भई रहेको देखिन्छ।

## ख) उत्पादन प्रणाली र प्रविधि

पालन प्रविधिः नगरपालिका भित्र दुग्ध उत्पादनमा धैरै जसो कृषकहरु साना पशुपालक कृषकहरुको बाहुल्यता देखिन्छ जसले गर्दा अझै पनि आधुनिक प्रविधि भन्दा बढी परम्परागत पशुपालनमा नै भरपरेको देखिन्छ। पशुको स्वास्थ्य र पोषणको लागि भने नगरले विभिन्न कार्यक्रम आयोजना गरेको देखिन्छ। यसरी नगरले थप दूध उत्पादनलाई बढाउनको लागि त्यस्ता साना कृषकहरुलाई विशेष ध्यान दिई परम्परागत पशुपालन पद्धतिलाई निरुत्साहित गर्दै आधुनिक पशुपालन पद्धतिलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। त्यस्तै बाणगङ्गा नगरपालिकाले कृत्रिम गर्भाधान गरी दुधालु गाई भैंसीहरुको नश्ल सुधार गरी दूध उत्पादनका लागि प्रयास गरेको देखिन्छ।

## ग) आर्थिक विश्लेषणः

**दूध उत्पादनमा लाग्ने खर्च, उत्पादन लागत**

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

दूधको प्रति लिटर लागत अनुमान गर्नका लागि, फार्मको कुल लागतलाई फार्मको वार्षिक औसत दूध उत्पादनले भाग गरियो, अर्थात्:

दूधको प्रति लिटर लागत (रुपैयाँ) = वार्षिक कुल लागत / वार्षिक औसत दूध उत्पादन

जहाँ कुल लागत = कुल स्थिर लागत(1) + कुल परिवर्तनशील लागत(2)

लाभ लागत अनुपात

लाभ लागत अनुपात अनुमान गर्नका लागि, कुल आम्दानीलाई कुल लागतले भाग गरियो, अर्थात्:

B/C अनुपात = कुल आम्दानी / कुल लागत

## घ) सामाजिक-आर्थिक अवस्थाः

### १. आर्थिक सुधारः

दूध उत्पादन कृषकहरूको लागि स्थायी आयको स्रोत हो। साना किसानहरूले दूधजन्य पदार्थको बिक्रीबाट दैनिक वा मासिकरुपमा नगद आय प्राप्त गर्न सक्छन् । दूध उत्पादन, प्रशोधन, र वितरणमा विभिन्न चरणहरूमा रोजगारीका अवसरहरू सिर्जना भएकाछन् । यसले स्थानीय स्तरमा रोजगारी वृद्धि गर्न सहयोग पुऱ्याएको छ । त्यस्तै गरी, दूध उत्पादनको क्रममा उत्पादन हुने गोबर र अन्य पशुजन्य अवशेषहरूलाई जैविक मलको रूपमा प्रयोग गर्न सकिन्छ । यसले माटोको उर्वराशक्ति बढाउन मद्त गर्द्छ । साथै यसबाट उत्पादन हुने बायोग्यासले भान्सामा चुलो बाली खाना पकाउन समेत मद्त पुगेको देखिन्छ ।

### २. महिला सशक्तिकरण

महिला सहभागिता: ग्रामिण क्षेत्रमा महिलाहरू प्राय: दूध उत्पादनमा संलग्न हुन्छन् । यसले उनीहरूलाई आर्थिक रूपमा स्वतन्त्र बनाउँछ र समाजमा उनीहरूको स्थान मजबुत बनाउन भूमिका खेल्दछ ।

नगरपालिकामा पशुपालनमा आबद्ध जम्मा घरधुरी सङ्ख्या १२,३८८ मध्ये ८०१३ घरधूरीमा पुरुष कृषकहरु र ४३७५ घरधूरीमा महिला कृषकहरुको सहभागिता देखिएको छ क्रमशः ६४.५८ प्रतिशत र ३५.३२ प्रतिशत रहेका छन् । तलको तथ्याङ्कबाट नगर भित्र वडागत घरधूरी सङ्ख्या र महिला पुरुष सहभागिता हेर्न सकिन्छ ।

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ६३८ | ९८८ | ७९२ | ४३३ | ७८५ | ४१० | ६०० | ८९९ | ५४७ | ९२७ | ९९४ | ८०१३ |
| महिला | ३५३ | ४७० | ५८७ | २३० | २३६ | २४० | ४०० | ७१३ | ५१६ | २२५ | ४०५ | ४३७५ |
| जम्मा | ९९१ | १४५८ | १३७९ | ६६३ | १०२१ | ६५० | १००० | १६१२ | १०६३ | ११५२ | १३९९ | १२३८८ |

नगरका महिला कृषकहरुलाई आर्थिक सामाजिकरुपमा उकास्नको लागि पनि पशुपालनले निक्कै अहम् भूमिका खेलेको देखिन्छ । यसबाट प्राप्त आम्दानीले समग्रमा नै नगरपालिकाको हरेक क्रियाकलाप र क्षेत्रहरुमा सुधार ल्याउन भूमिका खेलेको छ । बालबालिकाको शिक्षा र स्वास्थ्य, समुदायमा आर्थिक स्थायित्व, यातायातको विकासलाई प्रोत्साहन, सामाजिक हिंसा र अस्थिरतालाई कम गर्दै नयाँ पुस्ताको भविष्य उज्ज्वल बनाउन मद्दत गर्दछ ।

सारांशमा, दूध उत्पादन ग्रामिण विकास र सामाजिक लाभको लागि एक प्रभावकारी माध्यम हो। यसले आर्थिक, सामाजिक, र सांस्कृतिक दृष्टिकोणबाट ग्रामीण समुदायहरूमा समग्र सुधार ल्याउँछ । नगरपालिकाका ५३.११ प्रतिशत घरधुरी पशुपालनमा संलग्न रहेकोले अधिकांश पशुपालक कृषकहरुले नगरको वार्षिक खपतको साथ साथै बढी उत्पादन गरी अन्य स्थानीयतहमा बिक्रि वितरणगरी लाभ लिने अवसरमा जोड दिनुपर्ने देखिन्छ।

**ङ) गुणस्तर र सुरक्षाः**

**दूधको गुणस्तर परीक्षण, मापन विधी, र मापदण्डहरु**

| **सि.नं.** | **परीक्षण** | **कच्चा दूधको न्यूनतम मापदण्ड** |
|---|---|---|
| १ | इन्द्रियानुभव परीक्षण | कुनै अप्राकृतिक स्वाद, गन्ध र रङ्ग हुनु हुदैंन |
| २ | क्लट अन ब्वाईलिङ्ग | उमाल्दा फाट्न नहुने |
| ३ | अल्कोहल परीक्षण | कम्तिमा ६०% अल्कोहल परीक्षणमा पास हुनु पर्दछ |
| ४ | फ्याट परीक्षण | गाईको दूधमा न्यूनतम ३.५ % र भैंसीको दूधमा न्यूनतम ५.१% हुनु पर्दछ |
| ५ | एस.एन. एफ. परीक्षण | गाईको दूधमा न्यूनतम ८.१% र भैंसीको दूधमा न्यूनतम ८.३% हुनु पर्दछ |
| ६ | मिसावट परीक्षण | कुनै पनि प्रकारको मिसावट हुनु हुदैंन |

**च) बजार विश्लेषण**

**माग र आपूर्तिः दूधको माग र आपूर्तिको विश्लेषण**

**क) नगरमा दूधको वार्षिक खपतको अवस्था:**

**प्रति व्यक्ति वार्षिक खपत** = ०.२५२ लिटर/ दिन × ३६५ दिन = ९२ लिटर/ वर्ष

**नगरको कुल दूध खपत**= जनसंख्या × प्रति व्यक्ति वार्षिक खपत

**कुल दूध खपत** = ९६७१४ × ९२ लिटर = **८८,९७,६८८** लिटर/ वर्ष

**ख) दुध उत्पादन अवस्था**

पशुपालन व्यवसायको क्षेत्रमा दुध उत्पादन एक महत्वपुर्ण क्षेत्र हो। दुध उत्पादनले देशको आर्थिक, सामाजिक तथा खाद्य पोषणमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। पौष्टिक गुणस्तर बढाउनका साथै ग्रामीण क्षेत्रमा विशेष रुपमा प्रभाव पार्दछ। आ.व.२०८०/८१ मा नगरपालिकाको कुल गाईको तथ्याङ्क **२३८०** तथा भैँसीको तथ्याङ्क **१०५७८** रहेको छ भने त्यस मध्ये दुधालु गाईको संख्या **१०३८** तथा भैंसीको संख्या **३७८८** रहेको छ जस मध्ये गाईको दुध **२५,३६,५००** लिटर र भैँसीको दुध **६५,८८,९४५** लिटर समेत गरी जम्मा दुध उत्पादन **९१,२५,४४५** लिटर रहेको छ।

उपभोक्ताको माग: नगरमा दूधको वार्षिक माग आपूर्तिको अवस्था।

| दुध उत्पादन लि. मा | आ.ब. २०७८/०७९ | आ.ब. २०७९/०८० | आ.ब. २०८०/०८१ |
|---|---|---|---|
| जम्मा नगरको दूध उत्पादन | ८५२४७४४ | ८९८३१९१ | ९१२५४४५ |
| नगरको आवश्यकता | ८८००९७४ | ८८००९७४ | ८८००९७४ |




माथि दिइएको रेखाचित्रमा विभिन्न ३ वटा आर्थिक वर्षहरुमा नगरभित्र दूधको माग र उत्पादनलाई देखाइएको छ। नगरको वार्षिक कुल दूध आवश्यकता ८८००९७४ लिटर रहेको र प्रत्येक आ.व. मा दूध उत्पादनमा सुधार भएको र आ.व. ०८०।८१ सम्म आईपुग्दा नगरको आवश्यकता भन्दा ३.५६ प्रतिशत बढी अर्थात ९१२५४४५ लिटर दूध उत्पादन गर्न सफल भएको देखिन्छ। यसरी माग र उत्पादनको अनुपातलाई निकाल्न सकिन्छः

आ.व. ०७८।७९ मा दूध माग र उत्पादनको अनुपातः जम्मा दूध उत्पादन / जम्मा माग = ८५२४७४४ / ८८००९७४ = ०.९७

आ.व.०७९।८० मा दूध माग र उत्पादनको अनुपातः जम्मा दूध उत्पादन / जम्मा माग = ८९८३१९१ / ८८००९७४ = १.०२

आ.व. ०८०।८१ मा दूध माग र उत्पादनको अनुपातः जम्मा दूध उत्पादन / जम्मा माग = ९१२५४४५ / ८८००९७४ = १.०४

**व्याख्या**

- यदि अनुपात १ भन्दा भढी छ भनेः माग भन्दा उत्पादन बढी छ, अधिशेष (Surplus) को संकेत गर्दछ।
- यदि अनुपात १ बराबर छ भने: उत्पादन र माग बराबर रहेको जनाउँदछ र बजार सन्तुलन भएको देखिन्छ।
- यदि अनुपात १ भन्दा कम छ भने: उत्पादन माग भन्दा कम छ, अभाव (Shortage) को संकेत गर्दछ। उत्पादकले उत्पादन मात्रा बढाउनु पर्ने वा मूल्य बढाउन सक्छ, वा उत्पादन क्षमता विस्तारमा लगानी गर्ने उपायहरु अवलम्बन गर्न सक्छ।

आ.व. ७८।७९ मा अनुपात ०.९७ रहेको थियो जसले केही अभाव (Shortage) लाई संकेत गरेको थियो भने आ.व. ०७९।८० मा सो अनुपात बढेर १.०२ पुगेको देखिन्छ अर्थात माग भन्दा केही बढी उत्पादन क्षमतालाई जनाउँदछ। त्यस्तैगरी, आ.व. ०८०।८१ मा नगरको माग र उत्पादनको अनुपात १.०४ रहेको छ जून १ भन्दा बढि भएकोले उत्पादन माग भन्दा बढी भई अधिशेष (Surplus) को संकेत गर्दछ। जसको अर्थ उत्पादकले उत्पादनको मात्रा घटाउने वा मूल्यहरू कम गर्ने वा माग बढाउन मार्केटिङ प्रयासहरू अवलम्बन गर्न सक्छ।

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

## छ) नीतिगत विश्लेषण

नगरले कृषि तथा पशुपन्छी विकासतर्फका लागि आवश्यक नीति तथा कार्यक्रमहरु तर्जुमा गरेको देखिन्छ। हालसम्म नगरले ११ वटा विभिन्न ऐन, कार्यविधि, निर्देशिका र मापदण्डहरुको निर्माण गरेको देखिन्छ भने संघीय तथा प्रदेशस्तरीय कानूनहरुको व्यवस्था बमोजिम कार्यक्रमहरु कार्यान्वयन गरेको देखिन्छ। दुग्ध उत्पादन र प्रशोधनका लागि अनुकूल नीति निर्माणमा निम्न कानूनहरुको निर्माण र कार्यान्वयन भएको देखिन्छ।

| सि.नं. | ऐन, नियमावली, कार्यविधि, निर्देशिका |
|---|---|
| १ | बाणगंगा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन-२०७४ |
| २ | यान्त्रिक उपकरण संचालन तथा व्यवस्थापन निर्देशिका- २०७६ |
| ३ | पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०७७ |
| ४ | पशुपन्छी विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ |
| ५ | कृषक समूह गठन तथा ब्यवस्थापन निर्देशिका, २०७८ |
| ६ | कृषि विकास तथा कृषि प्रसार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ |
| ७ | बाली तथा पशुपन्छी बिमामा अनुदान कार्यबिधि २०७९ |
| ८ | छाडा पशु चौपाया कार्यबिधि २०७९ |
| ९ | नि:शुल्क कृत्रिम गर्भाधान सेवा संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९ |
| १० | पशु चौपाया नियन्त्रण, व्यवस्थापन तथा पूर्वाधार निर्माण कार्यविधी, २०८० |
| ११ | पशुपंक्षी तथ्याङ्क संकलन निर्देशिका, २०८० |

## ज) उत्पादनको मात्रा: वार्षिक उत्पादनको आँकडा

| दुध उत्पादन लि. मा | आ.ब. २०७८/०७९ | आ.ब. २०७९/०८० | आ.ब. २०८०/०८१ |
|---|---|---|---|
| गाईको दुध | २२९७९२२ | २४०७८१२ | २५३६५०० |
| भैसीको दुध | ६२२६८२२ | ६५७५३७९ | ६५८८९४५ |
| जम्मा | ८५२४७४४ | ८९८३१९१ | ९१२५४४५ |
| आवश्यकता | ८८००९७४ | ८८००९७४ | ८८००९७४ |

## ञ) आपूर्ति श्रृंखला: उत्पादनदेखि उपभोक्तासम्मको सम्पूर्ण श्रृंखलाको विश्लेषण

बाणगङ्गा नगरपालिकामा देखिएको उत्पादन देखि उपभोक्तासम्मको सम्पूर्ण दूध उत्पादन श्रृंखलाका चरणहरू निम्नानुसार सूचिकृत गर्न सकिन्छ।

१. **दूध उत्पादन:**
मूल्य श्रृंखलाको प्राथमिक चरणमा दूध उत्पादनमा डेयरी फार्महरू समावेश छन्। बाणगङ्गा नगरपालिकाका किसानहरू दूध उत्पादनको लागि गाई र भैंसी जस्ता पशुवस्तुहरू पालेका छन्। किसानहरूले जनावरहरूको उचित हेरचाह गर्छन् र उच्च गुणस्तरको दूध प्राप्त गर्न पोषण र स्वास्थ्यमा सुधार सुनिश्चित गर्छन्।

२. **सङ्कलन केन्द्रहरू:**
फार्म तथा साना कृषकहरुको गोठमा उत्पादित दूध सङ्कलन गरेपछि विभिन्न सङ्कलन केन्द्रहरूमा पठाइन्छ। यी केन्द्रहरूले किसान र दुग्ध पदार्थ प्रशोधन बीच मध्यस्थकर्ताको रूपमा काम गर्छन्। धेरै क्षेत्रको किसानबाट दूध संकलन गर्छन् र त्यसपछि थप प्रशोधन गर्नु अघि यसलाई सुरक्षित भण्डारको ब्यवस्था समेत गर्छन्।

३. **डेयरी प्रोसेसर**:

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

दुध प्रशोधन केन्द्रहरूमा संकलन गरिएको दूध संकलन केन्द्रबाट ढुवानी गरिन्छ। यी प्रोसेसरहरुले दुधहरूको विभिन्न परिकारहरु जस्तै ताजा दूध र दुग्धजन्य पदार्थहरू दही, मक्खन, खुवा, पनीर, घिउ र अन्य परिकारहरु बिक्री गर्दछन्।

४. **वितरक र थोक बिक्रेताहरू**:
दुग्ध उत्पादनहरू प्रशोधन पछि थोक बिक्रेता र वितरकहरूलाई वितरण गरिन्छ जसले उत्पादनहरूको ठूलो मात्रा ह्यान्डल गर्दछ। तिनीहरू बाणगङ्गा नगरपालिका भित्र र बाहिर बिक्री बितरण गर्दछन्।

५. **खुद्रा विक्रेताहरू**:
खुद्रा विक्रेताहरूले दूध मूल्य श्रृंखलामा महत्त्वपूर्ण भूमिका खेल्छन्। दुग्ध उत्पादनहरू सिधै उपभोक्ताहरूलाई बिक्री गर्न जिम्मेवार अंगको रुपमा कार्य गरेका देखिन्छ। जस्तै किराना पसल, सुपरमार्केट वा विशेष दुग्ध पसलहरू।

६. **उपभोक्ताहरू**:
अन्त्यमा दुध उत्पादनहरू खरिद गर्ने र उपभोग गर्ने उपभोक्ताहरू मूल्य श्रृंखलाको पात्रहरु हुन्। यसमा घरपरिवार, रेस्टुरेन्ट, क्याफे र विभिन्न अन्य खाद्य प्रतिष्ठानहरू समावेश हुन सक्छ।

दूध उत्पादनदेखि उपभोक्ता सम्मको श्रृंखलाका अतिरिक्त चरणहरू, विशिष्ट स्थानीय अभ्यासहरू, नियमहरू, र बजार गतिशीलतामा निर्भर गर्दछ। बाणगङ्गा नगरपालिका भित्र दूधको आपूर्ति श्रृंखलाका विभिन्न चरणहरुलाई तल दिइएको तालिकामा स्पष्ट पारिएको छ।




## २.४ बाणगङ्गा नगरपालिकाको दुध वजारीकरण

बाणगङ्गा नगरपालिकामा दुग्ध - उत्पादन प्रवर्द्धन र वितरण गर्न विभिन्न दुध मार्केटिंग प्रविधिहरू प्रयोग गरियो। यी मार्केटिङ प्रविधिहरूले उपभोक्ताहरूलाई कुशलतापूर्वक पुग्ने लक्ष्य राख्छन् यस क्षेत्रमा दूध र दुग्ध उत्पादनहरूको समग्र माग बढाउन् मदत् गर्दछ। बाणगङ्गा नगरपालिकामा सम्भवतः प्रयोग हुने सामान्य दुध बजारीकरण प्रविधिहरू:

**२.४.१ स्थानीय बजार र खुद्रा बिक्रेताहरू:** बाणगङ्गा नगरपालिकामा दूध र दुग्ध उत्पादनको बजारीकरणका लागि च्यानलहरू स्थानीय बजार र साना खुद्रा पसलहरू आवश्यक छन्। स्थानीय किसानहरू र डेयरी प्रोसेसरहरूले प्रायः आफ्ना उत्पादनहरू यी आउटलेटहरू मार्फत उपभोक्ताहरूलाई सीधै बेच्छन् भने साना खुद्रा विक्रेताहरूले ग्रामीण र शहरी क्षेत्रहरूमा उपभोक्ताहरूलाई डेयरी उत्पादनहरू वितरण गर्न महत्त्वपूर्ण भूमिका खेल्छन्।

२.४.२ थोक बजारहरू: थोक बजारहरूले डेयरी प्रोसेसरहरू र खुद्रा विक्रेताहरू बीच मध्यस्थकर्ताको रूपमा काम गर्छन्। तिनीहरू प्रशोधन केन्द्रहरूबाट ठूलो मात्रामा दुग्धजन्य उत्पादनहरू खरिद गर्छन् र त्यसपछि तिनीहरूलाई साना खुद्रा

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

विक्रेताहरूलाई वितरण गर्छन् । यी थोक बजारहरूले नगरका विभिन्न रिटेल आउटलेटहरूमा डेयरी उत्पादनहरूको स्थिर आपूर्ति सुनिश्चित गर्न मद्दत गर्दछ ।

२.४.३ सहकारी संस्थाहरू: दुग्ध सहकारी संस्थाहरू बाणगङ्गा नगरपालिका लगायत नेपालभर प्रचलित छन् । यी संस्थाहरू दुग्ध किसानहरूले उनीहरूको दुग्ध उत्पादनको उत्पादन, प्रशोधन र बजारीकरणलाई सामूहिक रूपमा व्यवस्थित गर्नका लागि गठन गरेका छन् । सहकारी संस्थाहरूले किसानहरूलाई उनीहरूको दूधको राम्रो मूल्य सुरक्षित गर्न प्रोसेसरहरूसँग कुराकानी गर्न र दूधको गुणस्तर र उत्पादकत्व सुधार गर्न स्रोत र तालिमहरू पहुँच गर्न मद्दत गर्छन् ।

२.४.४ ब्रान्डिङ र प्याकेजिङ: प्रभावकारी ब्रान्डिङ र आकर्षक प्याकेजिङले डेयरी उत्पादनहरूको मार्केटिङमा महत्त्वपूर्ण भूमिका खेल्छ। राम्ररी डिजाइन गरिएको प्याकेजिङ्गले उत्पादनहरूलाई सेल्फहरूमा अलग देखिन र उपभोक्ताहरूलाई आकर्षित गर्न मद्दत गर्छ । डेयरी प्रोसेसरहरूले उपभोक्ता विश्वास र वफादारी स्थापित गर्न ब्रान्ड पहिचान पनि सिर्जना गर्न सक्छन्।

२.४.५ प्रवर्द्धनात्मक गतिविधिहरू: स्थानीय सञ्चारमाध्यम, पोस्टर र ब्यानरहरू मार्फत विज्ञापन गर्ने जस्ता प्रवर्द्धनात्मक गतिविधिहरूले दुग्ध उत्पादनहरू र तिनीहरूका फाइदाहरू बारे उपभोक्ता जागरूकता बढाउन सक्छ । बाणगङ्गा नगर भित्रका धेरै डेयरी प्रोसेसरहरूले परीक्षण र ग्रहणलाई प्रोत्साहित गर्न प्रचारात्मक कार्यक्रमहरू आयोजना गर्दै आएका छन् वा उत्पादन नमूनाहरू प्रस्ताव गर्दै आएका छन् ।

२.४.६ अनलाइन मार्केटिङ: प्रविधि र इन्टरनेटको बढ्दो प्रयोगसँगै अनलाइन मार्केटिङ पनि धेरै क्षेत्रमा लोकप्रिय प्रविधि बनेको छ । डेयरी प्रोसेसर र खुद्रा विक्रेताहरूले व्यापक दर्शकहरू पुग्न र बाणगङ्गा नगरपालिकामा आफ्ना उत्पादनहरू प्रवर्द्धन गर्न सोशल मिडिया, वेबसाइटहरू र अनलाइन बजार ठाउँहरू प्रयोग गर्दैछन् ।

२.४.७ सरकारी पहल: लुम्बिनीको प्रदेश सरकार लगायत नेपाल सरकारले दुग्ध उद्योगलाई सहयोग र प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम र नीतिहरू लागू गरेको छ । यी पहलहरूमा दूधको मूल्य शृङ्खला बढाउन वित्तीय प्रोत्साहन, तालिम कार्यक्रमहरू र पूर्वाधार विकास समावेश छन् । बाणगङ्गा नगरपालिकाले आ.ब. २०८०/८१ मा गाईभैंसी पालन तथा दुग्ध उत्पादनमा संलग्न किसानहरूलाई प्रतिलिटर दूध उत्पादनमा बिनियोजित भएको बजेट अनुसार प्रोत्साहन अनुदान र दूधको उत्पादन र प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ ।

## ३.५ दुध उत्पादनको स्थिति विश्लेषण (SWOT Analysis)

**१. सबल पक्ष (Strengths) :**

क) समृद्ध कृषि स्रोत: बाणगंगा नगरपालिकामा अनुकूल भौगोलिक परिस्थिति र विविध जलवायु छ जसले दुग्ध उत्पादन गर्न आवश्यक विभिन्न किसिमको घाँसेबालीको वृद्धिलाई मद्दत गर्दछ ।

ख) प्रचुर मात्रामा जलस्रोत: बाणगंगा नगरपालिकामा दूध उत्पादन गर्न पशुपालन तथा घाँसखेतीको लागी आवश्यक पर्ने सिँचाइ र पर्याप्त पानी उपलब्ध गराउने नदी, खोला र पोखरीहरू छन् ।

ग) परम्परागत दुग्ध उत्पादन अभ्यास: बाणगंगा नगरपालिकामा परम्परागत ज्ञान तथा सीपहरू मार्फत दुग्ध उत्पादन गरिन्छ तथा उक्त सीपहरु नयाँ पुस्ताहरुमा हस्तान्तरण हुदै आएको र स्वदेशी गाई/भैसीहरुको विकासमा योगदान पुर्याउदै आएको छ ।

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

घ) बढ्दो आन्तरिक माग : बाणगंगा नगरपालिकामा जनसंख्या वृद्धि, सहरीकरण, उपभोक्ता प्राथमिकताहरू परिवर्तन गर्दै तथा विस्तारका लागि उद्योगमा नाफाका अवसरहरूले गर्दा दूध र दुग्धजन्य पदार्थको माग बढ्दो छ।

ङ) सरकारी सहयोग: बाणगंगा नगरपालिकाले दुग्ध क्षेत्रको महत्व बुझेको छ जसले गर्दा विभिन्न कार्यबिधि र निर्देशिकाहरुको निर्माण तथा अन्य नीतिहरु, अनुदान, र पशु उपचार सेवाको व्यवस्था सहित दूध उत्पादन प्रवर्द्धन गर्ने, पशु प्रजनन, र दुग्ध सहकारीहरूमा कार्यक्रमहरू लागु गरेको छ।

**२. कमजोरीहरु (Weaknesses) :**

क) सीमित आधुनिक पूर्वाधार: बाणगंगा नगरपालिकामा डेरी क्षेत्रके अवस्थाहरु पुरानो कृषि अभ्यास, अपर्याप्त भण्डारण सुविधा संग सम्बन्धित चुनौतिहरु र आधुनिक प्रशोधन प्लान्टको अभाव छ। जसले दूधको मूल्य वृद्धि, गुणस्तर, उत्पादकतालाई असर गर्न सक्छ।

ख) कम दूध उत्पादकता: बाणगंगा नगरपालिकामा ब्यवसायिक गाई/भैसी फर्महरु भन्दा परम्परागत साना स्तरको पशुपालन प्रणाली, अपर्याप्त पोषण, सीमित पहुँच, उन्नत नस्ल र प्रविधिहरूको कारणले गर्दा प्रति गाई/भैंसी औसत दूध उत्पादन प्रदेश भित्रका अन्य क्षेत्रको तुलनामा अपेक्षाकृत कम छ।

ग) अकुशल आपूर्ति श्रृंखला: बाणगंगा नगरपालिकामा दुग्ध उद्योगहरु एक अर्का संग प्रतिस्पर्धात्मक हुदाँ अकुशल आपूर्ति श्रृंखला भित्र देखिन्छ। साथै अन्य कारणहरुमा दुध उद्योगहरु सँग यातायातको आभावहरू, पूर्वाधार सहित कोल्ड चेनको अभाव र अपर्याप्त बजार संजालको कारणले गर्दा उतपादन पछि घाटा निम्त्याउँछ जसले गर्दा कृषकहरुको नाफा घट्न जान्छ।

घ) गुणस्तर नियन्त्रण मुद्दाहरू: पशुपालन क्षेत्रलाई सुनिश्चित गर्दै लगातार दूधको गुणस्तर र स्वच्छता मापदण्डहरू चुनौती हुन सक्छ। विशेष गरी दुर्गम ग्रामीण क्षेत्रहरूमा जहाँ दुग्ध कृषकहरूमा आधुनिक उत्पादनको लागी प्रविधि र गुणस्तर नियन्त्रण उपायहरूको बारेमा चेतना र तालिमको पहुँचको कमी छ ।

ङ) सीमित मूल्य वृद्धि: बाणगंगा नगरपालिकामा मुख्य रूपमा कच्चा दूध उत्पादन, बिक्री र प्रशोधन मार्फत मूल्य अभिवृद्धिको अवसरहरू गुमाउने आवस्था छ। दुग्धजन्य उत्पादनहरु जस्तै पनीर, दही र मक्खन उत्पादनको उच्च लाभमा ह्रास हुने।

**३. अवसरहरू (Opportunities):**

क) बढ्दो निर्यात सम्भावना: बाणगंगा नगरपालिकामा विशेषगरी छिमेकी सिमाना सुठौली र कृष्णनगर जस्ता जहाँ महत्त्वपूर्ण छ आफ्नो दुग्ध निर्यात विस्तार गर्ने क्षमता छ । माग-आपूर्ति अन्तर्गत दूधको उत्पादकत्व, गुणस्तर नियन्त्रण, र प्रशोधन क्षमताहरूको सुधारले यी निर्यात अवसरहरू गर्न मद्दत गर्न सक्छ।

ख) दुग्ध सहकारी संस्थाको विकास: दुग्ध व्यवसायको सुदृढीकरण र प्रवर्द्धनको लागी सहकारीहरुले किसानको सामूहिक बार्गेनिङ पावर बढाउन सक्छ, सुधार गर्न सक्छ खर्चमा क्रेडिटमा पहुँच, इनपुटहरूको थोक खरिदलाई सहज बनाउन र ग्रहण सक्षम गर्न, आधुनिक फर्मका अभ्यासहरू, जसले उत्पादकत्व र नाफामा वृद्धि गर्दछ।

ग) आधुनिक प्रविधिहरू अपनाउने: उन्नत प्रविधिहरूको परिचय जस्तै कृत्रिम गर्भाधान, सुधारिएको नस्ल, यान्त्रिक दुग्ध प्रणाली र मूल्य अभिवृद्धि तथा प्रशोधन उपकरणले दूध उत्पादन, गुणस्तर र मूल्य अभिवृद्धि, किसानहरूलाई विभिन्न बजारका मागहरू पूरा गर्न सक्षम बनाउने।

घ) अनुसन्धान र विकासको सुदृढीकरण: अनुसन्धानमा लगानी र दुग्ध क्षेत्रको सुधारमा लगानी गर्नले नगरको विकास गर्न सक्छ। जस्तै गाईवस्तुको नस्ल, दाना व्यवस्थापन अभ्यास, नयाँ दुग्ध उत्पादनहरू, दीर्घकालीन वृद्धि, र प्रतिस्पर्धात्मकतालाई बढावा दिने।

ङ) अनुसन्धान र विकासको सुदृढीकरण: अनुसन्धानमा लगानी र दुग्ध क्षेत्रको विकासले सुधारको विकास गर्न सक्छ गाईवस्तुको नस्ल, दाना व्यवस्थापन अभ्यास, र नवीन दुग्ध उत्पादनहरू, दीर्घकालीन वृद्धि, र प्रतिस्पर्धात्मकतालाई बढावा दिन।

४. **चुनौतीहरु (Threats):**

क) रोगको प्रकोप: लम्पी छाला रोग जस्ता रोगहरूको प्रकोप, खोरेत रोग, थुनेलो, भ्यागुते र चरचरे तथा अन्य धेरै रोगहरू दूध उत्पादन र नाफामा गम्भीर असर पर्न सक्छ तसर्थ यी रोगहरुलाई प्राथमिकता गर्दै आधुनिक पशु चिकित्सा सेवा, रोगहरुको निगरानी र खोपको आवश्यकता जस्ता कार्यक्रमहरू गर्नु पर्दछ ।

ख) जलवायु परिवर्तन: बाणगंगा नगरपालिकामा  अनियमित वर्षा , लामो खडेरी र बाढीका घटनाहरू सहित प्राकृतिक प्रकोपहरु आउन सक्छ । जसले पशुधन स्वास्थ्य, घाँस उत्पादन र पानीलाई नकारात्मक असर पार्न सक्छ ।

ग) आयातित उत्पादनहरूबाट प्रतिस्पर्धा: बाणगंगा नगरपालिकाबाट आयातित दूध र डेयरी उत्पादनहरू प्रतिस्पर्धाको सामना गर्दछ। जुन प्रायः अर्थतन्त्रका कारण अन्य क्षेत्रहरूमा मापन र उन्नत प्रशोधन क्षमताहरू सस्तो हुन्छ । यो घरेलु उत्पादकहरूको लागि चुनौतिहरूमा असर गर्न सक्छ । विशेष गरी यदि गुणस्तर मापदण्ड र मूल्य निर्धारण संयन्त्रहरू प्रभावकारी रूपमा कानूनहरु लागु छैनन् ।

घ) वित्तमा सीमित पहुँच: दुग्ध किसानहरूले पहुँचमा अक्सर कठिनाइहरूको सामना गर्छन् । पूर्वाधार निर्माणमा आधुनिक प्रविधिमा लगानीको लागि सहुलियत ऋण र कार्यशील पुँजी, उत्पादकत्व सुधार गर्न, विस्तार गर्न तिनीहरूको सञ्चालन र प्रभावकारी प्रतिस्पर्धा क्षमतामा बाधा पुर्याउँछ ।

ङ) उपभोक्ता प्राथमिकताहरू परिवर्तन गर्दै: उपभोक्ता प्राथमिकताहरू विकसित हुँदा  दुग्ध उत्पादनहरूको बढ्दो माग, प्रशोधित र मूल्य-बृद्धि एक छ र अर्को तर्फ स्वास्थ्य-केन्द्रित उत्पादनहरू र जैविक विकल्पहरू छन् । परिवर्तनशील उपभोक्तालाई अनुकूलन गर्न असफल प्रवृति र प्राथमिकताहरूले लाभप्रद बजार साझेदारी घटाउन र कम गर्न सक्छ ।

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

# परिच्छेद-४
# आत्मनिर्भरताका सूचक तथा आधारहरु

## ४.१ आत्मनिर्भरका सूचकहरुः

नगरलाई दूध उत्पादनमा आत्मनिर्भर बनाउनका लागि निम्न सूचकहरू महत्वपूर्ण मानिन्छन्। यी सूचकहरूले नगरलाई आवश्यक दूध उत्पादन गर्न र बाह्य स्रोतहरूमा निर्भर नगर्न मद्दत गर्दछन्। प्रस्तुत तालिकामा दूध उत्पादनमा आत्मनिर्भर हुन आवश्यक मुख्य-मूख्य सूचकहरू प्रस्तुत गरिएका छन्:

| सि.नं. | सूचक | विवरण | कै. |
|---|---|---|---|
| १ | **दूध उत्पादनको मात्रा:** | • **कुल दूध उत्पादन:** नगरमा वार्षिक रूपमा उत्पादित कुल दूधको मात्रा।<br>• **व्यक्तिगत प्रतिमाथिको दूध उत्पादन:** नगरको प्रति व्यक्तिलाई औसतमा उत्पादित दूधको मात्रा। | |
| २ | **दुग्धजन्य पशुको संख्या:** | • **गाई तथा दुग्धजन्य जनावरहरूको संख्या:** नगरमा रहेका गाई तथा अन्य दुग्धजन्य जनावरहरूको कुल संख्या।<br>• **पशु स्वास्थ्य र उत्पादनशीलता:** गाईको औसत दूध उत्पादन, जसले पशुको स्वास्थ्य र नस्लमा निर्भर गर्दछ। | |
| ३ | **उपभोगको प्रकार** | • **व्यक्तिगत प्रतिमाथिको दूध उपभोग:** प्रति व्यक्तिले औसतमा उपभोग गर्ने दूधको मात्रा।<br>• **माग र आपूर्तिको सन्तुलन:** दूध उत्पादन र उपभोगको अनुपात, जसले सुनिश्चित गर्छ कि आपूर्ति माग भन्दा कम छैन। | |
| ४ | **पूर्वाधार र प्रशोधन क्षमता:** | • **दुग्ध प्रशोधन सुविधाहरू:** कच्चा दूधलाई विभिन्न उत्पादनहरूमा प्रशोधन गर्नका लागि दुग्ध प्रशोधन कारखानाहरूको संख्या र क्षमता।<br>• **शीत श्रृंखला पूर्वाधार:** शीत भण्डारण र परिवहन सुविधाहरूको उपलब्धता, जसले दूधको बिग्रन रोक्न र गुणस्तर सुनिश्चित गर्न मद्दत गर्छ। | |
| ५ | **आहार र घाँसको उपलब्धता:** | • **आहारको गुणस्तर र मात्रा:** उच्च गुणस्तरीय आहार र घाँसको उपलब्धता, जसले स्वस्थ दुग्धजन्य जनावरहरू र उच्च दूध उत्पादन सुनिश्चित गर्छ।<br>• **सस्टेनेबल आहार आपूर्ति:** आहार आपूर्तिको सस्टेनेबिलिटी, जसले मौसमी परिवर्तनहरूमा निर्भर नगर्ने सुनिश्चित गर्छ। | |
| ६ | **आर्थिक पक्षहरू:** | • **दूधको मूल्य स्थिरता:** उत्पादक र उपभोक्ताका लागि दूधको मूल्य स्थिरता र न्यायपूर्णता।<br>• **सब्सिडी र सहयोग:** दूध उत्पादनलाई प्रोत्साहित गर्नका लागि सरकारद्वारा प्रदान गरिने सब्सिडी र सहयोग। | |
| ७ | **प्रविधि प्रयोग:** | • **आधुनिक प्रविधिको प्रयोग:** प्रजनन, दूध दुहन, र पशु व्यवस्थापनमा आधुनिक दुग्ध कृषि प्रविधिको अपनाउनु।<br>• **प्रसार सेवाहरू:** किसानहरूलाई उत्तम अभ्यासहरूमा शिक्षित र सहयोग पुऱ्याउनका लागि कृषि प्रसार सेवाहरूको उपलब्धता। | |
| ८ | **पर्यावरणीय स्थिर्ता (Sustainablitiy):** | • **सस्टेनेबल अभ्यासहरू:** वातावरणीय सस्टेनेबल दुग्ध कृषि अभ्यासहरूको कार्यान्वयन।<br>• **स्रोत व्यवस्थापन:** पानी, जमिन, र अन्य स्रोतहरूको प्रभावकारी प्रयोग। | |
| ९ | **मानव संसाधन** | • **कुशल कार्यबल:** दुग्ध कृषि र सम्बद्ध गतिविधिहरूमा कुशल जनशक्तिको उपलब्धता।<br>• **प्रशिक्षण कार्यक्रमहरू:** किसानहरूको सीप र ज्ञान सुधार गर्नका लागि प्रशिक्षण र विकास कार्यक्रमहरूको पहुँच। | |
| १० | **नीति र प्रशासन:** | • सहायक नीतिहरू: दुग्ध कृषि र दूध उत्पादनका लागि सहायक सरकारी नीतिहरूको अस्तित्व।<br>• नियामक ढाँचा: गुणस्तर नियन्त्रण र निष्पक्ष व्यापार अभ्यासहरू सुनिश्चित गर्नका लागि प्रभावकारी नियामक ढाँचा। | |

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

## ४.२ बाणगङ्गा नगरपालिकाको सूचक, उपलब्धी तथा आधारहरु

| सि.नं. | सूचक | उपसूचक | इकाई | आवधिक योजनाको तीन वर्षिय लक्ष्य | तीन वर्षिय वास्तविक उपलब्धी | पुष्ट्याईका आधार |
|---|---|---|---|---|---|---|
| १ | **तथ्यांक संकलन र विश्लेषण:** | ● **वार्षिक उत्पादन र उपभोगको तथ्यांक:** नगरमा वार्षिक दूध उत्पादन र उपभोग तथ्याङ्क। | लिटर | ८८००९७४ | ९१२५४४५ | नगरको पशुपन्छी तथ्याङ्क संकलन तथा विश्लेषण प्रतिवेदन-२०८०, पशुपन्छी विकासतर्फ नगरको आवधिक योजना, २०७८ |
| | | ● **व्यक्तिगत प्रतिमाथिको दूध उत्पादन तथ्यांक:** प्रति व्यक्तिको औसत दुध उत्पादन र उपभोग तथ्याङ्क। | लिटर | ९१ | ९४.३५ | |
| २ | **पशु जनसंख्या र स्वास्थ्य:** | ● **पशु जनसंख्या गणना:** नगरमा रहेका गाई, भैंसी, र अन्य दुग्धजन्य जनावरहरूको संख्या गणना गर्नुपर्छ। | संख्या | ४६५४ | ४८२६ | नगरको पशुपन्छी तथ्याङ्क संकलन तथा विश्लेषण प्रतिवेदन-२०८० |
| | | ● **स्वास्थ्य जाँच:** पशुको स्वास्थ्यको स्थिति जाँच गर्नुपर्छ, जसले उत्पादनशीलता निर्धारण गर्न मद्दत गर्छ। | संख्या | ३६००० | ३९३८७ | पशुसेवा शाखाको प्रगति प्रतिवेदन |
| ३ | **पूर्वाधारको समीक्षा:** | ● **दुग्ध संकलन केन्द्र:** नगरमा रहेका दुग्ध संकलन केन्द्रहरूको संख्या र तिनको क्षमता समीक्षा गर्नुपर्छ। | संख्या | ६ | ७ | पशुसेवा शाखाको तथ्याङ्क विवरण |
| | | ● **शीत श्रृंखला सुविधाहरू:** शीत भण्डारण र परिवहन सुविधाहरूको उपलब्धता र अवस्था मूल्याङ्कन गर्नुपर्छ। | संख्या | ५ | ६ | |
| ४ | **आहार र घाँसको आपूर्ति:** | ● **आहारको उपलब्धता:** उच्च गुणस्तरीय आहार र घाँसको उपलब्धता सुनिश्चित गर्नुपर्नेछ। यसका लागि घाँस उत्पादन क्षेत्रहरूको जाँच र आहार आपूर्तिकर्ताहरूको समीक्षा गरिनुपर्छ। | हेक्टर | २८५ | २८८ | पशुसेवा शाखाको प्रगति प्रतिवेदन |
| | | ● **मौसमी प्रभाव:** आहारको मौसमी उपलब्धता र त्यसको प्रभावलाई विश्लेषण गर्नुपर्छ। | के.जी. | ४५० | ५०० | हे तथा साईलेजको प्रयोग भएको दुध उत्पादक सहकारी संस्थाको प्रतिवेदन |
| ५ | **आर्थिक सूचकहरूको मूल्याङ्कन:** | ● **मूल्य स्थिरता:** दूधको मूल्य स्थिरता र त्यसको न्यायपूर्णता समीक्षा गर्नुपर्छ। मूल्यमा हुने उतारचढावको विश्लेषण गर्नुपर्छ। | रुपैया | ९० | ९५ | बजारदर रेट |

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • **सरकारी सहयोग:** सरकारद्वारा प्रदान गरिएका सब्सिडी र अन्य सहयोगहरूको समीक्षा गर्नु आवश्यक छ। | फर्म | ८० | ८३ | पशुसेवा शाखाको प्रगति प्रतिवेदन |
| ६ | **प्रविधिको प्रयोग:** | • **प्रविधि प्रयोग:** दुग्ध कृषिमा आधुनिक प्रविधिको प्रयोगको स्तर जाँच्नुपर्छ। प्रविधि अपनाउने किसानहरूको संख्या र त्यसको प्रभाव विश्लेषण गर्नुपर्छ। | फर्म | ५० | ४८ | स्थलगत तालिम, पशुसेवा शाखाको प्रगति प्रतिवेदन |
| | | • **प्रशिक्षण कार्यक्रमहरू:** कृषि प्रसार सेवाहरू र प्रशिक्षण कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन गर्नुपर्छ। | संख्या | २० | २१ | |
| ७ | **पर्यावरणीय सस्टेनेबिलिटी:** | • **सस्टेनेबल अभ्यासहरू:** वातावरणीय सस्टेनेबल दुग्ध कृषि अभ्यासहरूको कार्यान्वयनको स्तर समीक्षा गर्नुपर्छ। | प्रतिशत | १००.००% | ८०.००% | पशुसेवा शाखाको अनुगमन , नगरको वास प्रोफाइल |
| | | • **स्रोतको उपयोग:** पानी, जमिन, र अन्य स्रोतहरूको प्रभावकारी प्रयोगको स्थिति विश्लेषण गर्नुपर्छ। | प्रतिशत | १००.००% | ९०.००% | |
| ८ | **मानव स्रोतहरूको स्थिति:** | • **कुशल जनशक्ति:** दुग्ध कृषि क्षेत्रमा कुशल जनशक्तिको उपलब्धता र तिनको सीपको स्तर विश्लेषण गर्नुपर्छ। | प्रतिशत | १००.००% | ९५.००% | पशुपालन तथा स्वच्छ दुध उत्पादन सम्बन्धी तालिम सञ्चालन गरेको पशुसेवा शाखाको प्रगति प्रतिवेदन |
| | | • **प्रशिक्षण कार्यक्रमहरू:** प्रशिक्षण कार्यक्रमहरूको उपलब्धता र तिनको प्रभावकारीता जाँच्नुपर्छ। | पटक | ३० | ३४ | |
| ९ | **नीति र प्रशासनको समीक्षा:** | • **सरकारी नीतिहरू:** दुग्ध कृषि र दूध उत्पादनका लागि सहायक सरकारी नीतिहरूको अस्तित्व र तिनको कार्यान्वयनको प्रभावकारिता समीक्षा गर्नुपर्छ। | संख्या | आ.अ. | ७ | नगरको सम्बन्धित कार्यविधि र निर्देशिका राजपत्र |
| | | • **नियामक ढाँचा:** गुणस्तर नियन्त्रण र निष्पक्ष व्यापार अभ्यासहरूको प्रभावकारिता मूल्याङ्कन गर्नुपर्छ। | पटक | आ.अ. | ३६ | पशुसेवा शाखाको प्रगति प्रतिवेदन |

यी सूचकहरूको मूल्याङ्कन गरेर, नगरले दूध उत्पादनमा आत्मनिर्भरता निर्धारण गर्न सक्छ र आत्मनिर्भरता हासिल गर्न वा कायम राख्न सुधार गर्नुपर्ने क्षेत्रहरू पहिचान गर्न सक्छ।

यी आधारहरूमा सूचकहरूको मूल्याङ्कन गरेर, नगरले आफ्नो दूध उत्पादन क्षमता, आत्मनिर्भरता स्तर, र सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान गर्न सक्छ। यसले आत्मनिर्भरता हासिल गर्न वा कायम राख्न आवश्यक कदमहरू उठाउन मद्दत पुर्‍याउँछ।

## ४.३ बाणगङ्गा नगरपालिकाको स्वमूल्याङ्कन तालिका:

माथि दिएका सूचकहरूको मूल्याङ्कनका लागि अंकभार तालिका बनाउँदा विभिन्न सूचकहरूको महत्त्वलाई ध्यानमा राख्नुपर्छ। यस तालिकामा प्रत्येक सूचकलाई निश्चित अंकभार (weight) प्रदान गरेर तिनको समग्र योगदान मूल्याङ्कन

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

गरिन्छ। तल प्रस्तुत गरिएको तालिकामा विभिन्न सूचकहरु र अंकभार दिइएका छन् पालिकाले आफ्नो स्वःमूल्याङ्कन गरी प्राप्ताङ्कको आधारमा दुध उत्पादनमा आत्मनिर्भर भए नभएको मूल्याङ्कन गर्न तलको अंकभार तालिका हेर्न सकिन्छ।

| सि.नं. | सूचकहरू | अंकभार (%) | नगरको प्राप्ताङ्क (%) |
|---|---|---|---|
| १ | दूध उत्पादनको मात्रा तथा उपभोगको प्रकार | २५ | २५ |
| २ | दुग्धजन्य पशुको संख्या | १५ | १५ |
| ४ | पूर्वाधार र प्रशोधन क्षमता | १० | १० |
| ५ | आहार र घाँसको उपलब्धता | १० | १० |
| ६ | आर्थिक पक्षहरू | १० | १० |
| ७ | प्रविधि अपनाउनु | १० | ९. |
| ८ | पर्यावरणीय सस्टेनेबिलिटी | ५ | ४. |
| ९ | मानव स्रोतहरू | ५ | ४.५ |
| १० | नीति र प्रशासन | १० | १० |
| | **कुल** | **१००** | **९७.५** |

## ४.४ अंकभार तालिकाको व्याख्या:

### १. **दूध उत्पादनको मात्रा र उपभोगको प्रकार (२५%):**

- हाल बाणगङ्गा नगरपालिकाको कुल दूध उत्पादन ९१ लाख ४१ हजार ४ सय ५५ लिटर रहेको छ भने नगरको प्रति व्यक्ति दूध उपलब्धता ९४.३७ लिटर रहेको छ। यो सूचक सबैभन्दा महत्त्वपूर्ण मानिन्छ, किनकि उत्पादनको मात्रा आत्मनिर्भरता निर्धारण गर्ने प्रमुख कारक हो।
- राष्ट्रिय दुग्ध विकास नीति २०७८ को लक्ष्य अनुसार नेपालको हाल वार्षिक प्रति व्यक्ति औसत दूध आवश्यकता ९१ लिटर रहेको देखिन्छ भने हाल नगरको प्रति व्यक्तिको औसत दूध उपभोग ९४.३५ लिटर रहेको छ। यसरी नगरमा उत्पादन भइरहेको दुध उत्पादन ९१ लाख ४१ हजार ४ सय ५५ लिटर रहेको र उपभोगको सन्तुलन आत्मनिर्भरता सुनिश्चित गर्न आवश्यक छ। यसरी यस सूचक अन्तर्गत नगरले कुल अंकभार २५ रहेकोमा नगरले २५ अंकनै प्राप्त गरेको छ।

### २. **दुग्धजन्य पशुको संख्या (१५%):**

- हाल नगरमा रहेका गाई, भैंसीहरूको संख्या कुल १२ हजार ९ सय ५८ वटा जस मध्ये दुधालु गाई १०३८ र भैंसी ३७८८ को संख्या गरी ४८२६ रहेको हुँदा औषत प्रति दुधालु पशु ६ लिटरको दरले दूध उत्पादन गर्दा पनि नगरलाई आवश्यक पर्ने दूधको मात्रा पुगेको देखिन्छ। यो सूचक उत्पादन क्षमतासँग प्रत्यक्ष सम्बन्धित रहेको छ।

यस नगरको दुग्धजन्य पशु संख्याको आधारमा मूल्याङ्कन गर्दा १५ अंक भारमा १५ प्राप्ताङ्क प्राप्त गरेको छ।

### ३. **पूर्वाधार र प्रशोधन क्षमता (१०%):**

- नगरमा विभिन्न सहकारी संस्थाहरुद्वारा सञ्चालित ७ वटा दुग्ध संकलन केन्द्रहरू रहेका छन् जसमा औषत ८ सय ५० लिटर दूध संकलन गर्न सकिन्छ भने सबै दुग्ध संकलन केन्द्रहरुमा चिस्यान सुविधाहरूको

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

उपलब्धता रहेको देखिन्छ। यस सूचकमा पनि नगरपालिकाले कुल अंकभार १० बराबर नै प्राप्तङ्क प्राप्त गरेको छ।

४. **आहार र घाँसको उपलब्धता (१०%):**

- पशुपालक कृषकहरुको लागि भनि नगरले पशुहरुको लागि पौष्टिक आहारहरु, दुध उत्पादन बढाउन मद्दत गर्ने घाँसको बिउ/ बेर्नाहरु वितरण गर्दै आएको छ। नगर भित्र करिब २८८ हेक्टर क्षेत्रफलमा उच्च गुणस्तरीय आहार र घाँसको उपलब्धता रहि आएकोछ भने सुख्खा मौसममा उक्त आहारा आपूर्तिको लागि साईलेज तथा हे उत्पादन गरी पशुहरुको पोषणको आवश्यकता पूर्ति गरिएको देखिन्छ। स्थिरता मूल्याङ्कन गरिन्छ। यस सूचकमा पनि नगरपालिकाले कुल अंकभार १० बराबर नै प्राप्तङ्क प्राप्त गरेको छ।

५. **आर्थिक पक्षहरू (१०%):**

- नगर भित्र रहेको दूधको मूल्य स्थिरताको लागि दूध उत्पादन सहकारी संस्था र दूध विविधिकरण गरी बिक्रि वितरण गर्ने व्यवसायीहरु तथा सरोकारवाला निकायहरुसंग समन्वय कायम राखि मुल्य स्थिरताको लागि पहल गरिएको छ। साथै दूध उत्पादन वृद्धिको लागि नगरबाट पशुपालक कृषकहरुलाई व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने क्षेत्रहरुमा सरकारी अनुदानको व्यवस्था गरिएको छ। यस सूचकमा पनि नगरपालिकाले कुल अंकभार १० बराबर नै प्राप्तङ्क प्राप्त गरेको छ।

६. **प्रविधि अपनाउनु (१०%):**

- दूध उत्पादक कृषकहरुले सर्वेक्षण गर्दा पशुपालक कृषकहरुमध्ये ९५ प्रतिशत आधुनिक प्रविधीको प्रयोग गरिएको देखिन्छ। ५ प्रतिशत कृषकहरु जनचेतना तथा आर्थिक अभावका कारण उन्नत प्रविधी अवलम्बन गर्न सकेको छैन त्यसैले त्यस्ता कृषकहरुको क्षमता विकास अभिवृद्धि गर्ने नगरले नीति अवलम्बन गरेको छ। यस सूचकमा पनि नगरपालिकाले कुल अंकभार १० रहेकोमा नगरले मूल्याङ्कन गर्दा ९ अंक बराबर प्राप्तङ्क प्राप्त गरेको छ।

७. **पर्यावरणीय सस्टेनेबिलिटी (५%):**

- बीस प्रतिशत पशुपालक कृषकहरुको गोठ तथा खेतहरुमा आवश्यक पानी, सिंचाईको सुविधा पुगेको नदेखिएकोले नगरपालिकाले यस क्षेत्रमा आवश्यक योजनाहरुको लागि विभिन्न संघसंस्थाहरुसंगको सहकार्यमा सुधारको प्रयास गरिएका छन्। यस सूचकमा पनि नगरपालिकाले कुल अंकभार ५ रहेकोमा नगरले मूल्याङ्कन गर्दा ४ अंक बराबर प्राप्तङ्क प्राप्त गरेको छ।

८. **मानव स्रोतहरू (५%):**

- नगरपालिकाको सबै क्षेत्रमा पशुपन्छीहरुको स्वास्थ्य संरक्षणको लागि सरकारी तथा निजिस्तरमा कार्यरत भेटेनरी प्राविधिक जनशक्तिहरु परिचालन गरी सेवा प्रवाह गरिएको छ तथा निजिस्तरका प्राविधिकहरुलाई क्षमता अभिवृद्धिको लागि आवश्यक तालिमको व्यवस्था नगरले मिलाएको छ। यस सूचकमा पनि नगरपालिकाले कुल अंकभार ५ रहेकोमा नगरले मूल्याङ्कन गर्दा ४.५ अंक बराबर प्राप्तङ्क प्राप्त गरेको छ।

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

९. **नीति र प्रशासन (१०%): -**

- हालसम्म नगरलाई आवश्यक पशुपन्छी विकास, दुग्ध उत्पादन तथा पशुजन्य पदार्थ उत्पादनको लागि आवश्यक पर्ने निर्देशिका र कार्यविधीहरु निर्माण गरी पशुपालन क्षेत्रलाई नियमन गरी व्यवस्थापन गरिएको छ र भविष्यमा आवश्यक पर्ने अन्य निर्देशिका र कार्यविधिहरु निर्माण गरी कार्यान्वयन गरिनेछ । यस सूचकमा पनि नगरपालिकाले कुल अंकभार १० रहेकोमा नगरले मूल्याङ्कन गर्दा १० अंक बराबर प्राप्तङ्क प्राप्त गरेको छ ।

## ४.५ नगरको दुध उत्पादनमा आत्मनिर्भरताकोआधारः

नगरको कुल जनसंख्या ९६७१४ रहेको छ र वार्षिक दूध उत्पादन ९१,२५,४४५ लिटर छ । प्रति व्यक्ति दूध उत्पादन गणना गर्न, हामीले कुल वार्षिक दूध उत्पादनलाई स्थानीय तहको कुल जनसंख्याबाट विभाजन गर्दाः

क) प्रति व्यक्ति दूध उत्पादन गणना गर्दा:
वार्षिक औसत प्रति व्यक्ति दूधको आवश्यकताः ९१ लिटर *(स्रोतःराष्ट्रिय दुग्ध विकास नीति, २०७८ को लक्ष्य)*
कुल जनसंख्याः ९६७१४ *(स्रोतः राष्ट्रिय जनगणना, २०७८)*
कुल वार्षिक दूध उत्पादनः ९१२५४४५ लिटर *(स्रोतः पशुपन्छी तथ्याङ्क संकलन तथा विश्लेषण प्रतिवेदन-२०८०)*

$$\text{प्रति व्यक्ति दूध उत्पादन} = \frac{\text{कुल वार्षिक दूध उत्पादन}}{\text{कुल जनसंख्या}}$$

$$= \frac{९१२५४४५}{९६७१४}$$

$$= ९४.३७ \text{ लिटर}$$

ख) नेपालको राष्ट्रिय दुग्ध विकास नीति २०७८ अनुसार वार्षिक प्रति व्यक्ति दूधको आवश्यकता ९१ लिटर रहेको छ भने नगरपालिका भित्रका नागरिकहरुलाई दूधको उपलब्धता वार्षिक प्रति व्यक्ति ९४.३७ लिटर रहेको देखिन्छ राष्ट्रिय दुग्ध नीति, २०७८ को लक्ष्य अनुसार जून ३.३७ लिटर बढी रहेकोछ **जसको स्पष्ट अर्थ दूध उत्पादनको आधारमा बाणगङ्गा नगरपालिका दुध उत्पादनमा आत्मनिर्भर रहेको देखिन्छ ।**

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

# परिच्छेद-५
# निस्कर्ष

## ५.१. निस्कर्ष

दुध उत्पादन व्यवसाय बाणगङ्गा नगरपालिकाको अर्थतन्त्र मजबुत वनाउने एक महत्वपुर्ण आधारसतम्भ हो। यस अध्ययनले दुग्ध व्यवसायमा मुख्यतया महिला कृषकहरू संलग्न रहेको देखिएको थियो भने पुरुष कृषकहरू दुध व्यवसाय लगायत अन्य कार्यमा पनि संलग्न रहेको देखिएको थियो। शैक्षिक योग्यता तर्फ यस अध्ययनले देखाए अनुसार समान्य लेख पढ गर्न सक्ने कृषकहरुको बाहुल्यता देखिएको थियो। अध्ययन गरिएका क्षेत्रका कृषकहरूले मुख्यतया उन्नत जातका गाई/भैँसी पालन गरी दुध उत्पादन गर्दै आएको देखिएको थियो। गाईका जातमा होलिस्टएन फ्रिजिएन र जर्सि देखिएको थियो र थोरै मात्रामा स्थानिय गाईहरूपनि पालन गरिएको पाईएको थियो। यस अध्ययनले देखाए अनुसार भैँसीको जातमा थोरै उन्नत जातको मुर्रा र स्थानिय जातका धेरै मात्रामा पालिने गरिएको पाईएको थियो। गाई/भैसिको गोठको संरचना धेरै जसो अर्ध पक्कि भएको पाईएको थियो। यस अध्ययनले उपभोक्ताहरूको आवश्यकता अनुसार दुधको माग पुरा गर्न दुध व्यवसायमा संलग्न कृषक, सहकारी, संघसस्थाहरू, दुध प्रशोधन उद्योग र नियमनकारी निकायको भूमिका रहेको देखिएको थियो।

यस अध्ययनले बाणगङ्गा नगरपालिकाबाट अध्ययनका लागी छानीएका प्रमुख दुध उत्पादक वडाहरूको औषत दुध उत्पादनको खर्च आम्दानि अनुपात १:१.९ देखिएको थियो। बाणगङ्गा नगरपालिकामा दुध उत्पादनको खर्च आम्दानि अनुपात वृद्धि गर्नका लागि व्यवसायिक घाँस खेति, उच्च नश्लको पशु पालन, खोपको व्यवस्था, रोग निदान सेवा आदि सुधार गरी बजारमा दुधको उचित मूल्य व्यवस्थापन गर्नु पर्ने देखिएको थियो।

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

# अनूसूचीहरु

## १. पशुपालन तर्फ बाणगङ्गा नगरपालिकाबाट भए गरेका अभ्यास (पाना नं. १२)

१.१ आ.व २०७८/७९ मा पशु सेवा शाखाबाट गरिएका पशुपालन तर्फ का विभिन्न गतिविधिहरूको प्रगती प्रतिबेदन

| सि०न० | कार्यक्रम तथा कृयाकलापहरु | इकाई | बार्षिक लक्ष्य | बजेट रु. हजारमा | प्रगती | खर्च बजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| | **चालु खर्च अन्तरगतका कार्यक्रमहरू** | | | | | | |
| **१** | **पशु प्रजनन तथा नश्ल सुधार कार्यक्रम** | | | | १९७९ | | |
| | कृत्रिम गर्भाधान गाईमा | संख्या | ३००० | ० | १५२५ | | |
| | कृत्रिम गर्भाधान भैसीमा | संख्या | १००० | ० | ४५४ | | |
| | ए० अई० सीथ र ग्लोब खरीद | पटक | ३ | १२० | १ | १२० | |
| | एप्रोन, रेनकोट, टावेल, साबुन इत्यादी खरीद | पटक | १ | ३० | १ | ३० | |
| **२** | **पशु अहारा सेवा कार्यक्रम** | | | | | | |
| | **हिंउदे घाँस बिकास कार्यक्रम** | | | | | | |
| | जै} घासको बीउ खरीद,ढुवानी तथा बितरण | हेक्टर | १६ | २०० | १६ | १९० | |
| | बर्षिम घाँसको बीउ खरीद,ढुवानी तथा बितरण | हेक्टर | ६२ | ५०० | ६२ | ४९६ | |
| | **बर्षे घाँस बिकास कार्यक्रम** | | | | | | |
| | टियोसेन्टी घाँसको बीउ खरीद,ढुवानी तथा बितरण | हेक्टर | ४५ | २४० | ४५ | २३० | |
| | सुडान घाँसको बीउ खरीद,ढुवानी तथा बितरण | हेक्टर | ४५ | २४० | ४५ | २३५ | |
| | **बहुबर्षे घाँस बिकास कार्यक्रम** | | | | | | |
| | सुपर नेपियर सेटस र अन्य नयां प्रजातीको घा+सको बीउ बेर्ना खरीद तथा ढुवानी | पटक | १ | १२० | १ | ९० | |
| **३** | **पशु स्वास्थ्य तथा उपचार सेवा** | | | | ११२३० | | |
| | मेडिकल उपचार | संख्या | ४००० | | ६२८० | | |
| | माइनर सर्जिकल उपचार | संख्या | २००० | | २३३५ | | |
| | मेजर सर्जिकल उपचार | संख्या | १०० | | ० | | |
| | गाइनोक्लोजिकल उपचार | संख्या | २५०० | | २६१५ | | |
| | पशुपन्छी उपचारको लागी औषधी खरीद | पटक | ३ | ५०० | ३ | ५०० | |
| **४** | **पशु रोग निदान तथा प्रयोगशाला सेवा** | संख्या | | | | | |
| | गोबर परिक्षण | संख्या | ४००० | | ५२३० | | |
| | दुध परिक्षण | संख्या | १०० | | ० | | |
| | शव परिक्षण/पोष्टमार्टम जाँच | संख्या | १०० | | ३५ | | |
| | प्रयोगशालाको लागी रिएजेन्टहरू खरीद | पटक | ३ | १५० | १ | १५० | |
| **५** | **रोग नियन्त्रण सेवा खोप कार्यक्रम** | | | | | | |
| | एच० एस० बिक्यु०÷रेबिज खोप खरीद तथा भ्याक्सीनेटरहरूलाई बिभिन्न खोप लगाए वापत परिश्रमिक भुक्तानी | पटक | १ | ४०० | ३६६७४ | ३८५ | |
| | एच० एस० बि . क्यु० खोप | संख्या | | | १०३२७ | | |
| | खोरेत खोप | संख्या | | | ९२४२ | | |
| | पि.पि.आर. खोप | संख्या | | | १७०१५ | | |
| | रेबिज खोप | संख्या | | | ९० | | |

| सि०न० | कार्यक्रम तथा कृयाकलापहरु | इकाई | बार्षिक लक्ष्य | बजेट रु. हजारमा | प्रगती | खर्च बजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६ | **पशु स्वास्थ्य नियमन कार्यक्रम** | | | | | | |
| | बर्डफलु रोग नियन्त्रणको लागी नियमित अनुगमन गरी प्रदेश तथा सं+घमा रिर्पोटीङग गर्ने | पटक | २४ | २४ | २४ | २३ | |
| | जुनोटिक रोग लगायत अन्य रोग नियन्त्रणको लागी नियमित अनुगमन तथा नमूना संकलन गरी प्रदेश तथा सं+घमा रिर्पोटीङग गर्ने | पटक | २४ | २४ | २४ | २३ | |
| | पशु औषधी पसल, पशुपन्छी फार्म,मासु पसल,डेरी पसलहरूको तथ्यांक ब्यवस्थापन तथा अनुगमन | पटक | ३ | ३० | ३ | २८ | |
| | जुनोटिक रोग लगायत अन्य रोगहरू नियन्त्रणको लागी १ दिने अन्तरक्रिया | पटक | २ | ७२ | २ | ७० | |
| ७ | **संघीय सरकार तर्फको लागत साझेदारी फलोअप कार्यक्रममा अनुदान सहयोग** | | | | | | |
| | **कैलाश आश्रम कृषि सहकारी संस्था लि० बा०न०पा० २,नन्दनगर,कपिलबस्तु** | | | | | | |
| | पशुपालनको लागी साना यान्त्रिकरण सामाग्री खरीदमा ७० प्रतिशत अनुदान | संख्या | १० | ३१५ | १० | २९० | |
| | दुग्ध संकलन केन्द्रको लागी टर्स निर्माण सहयोगमा ५० प्रतिशत अनुदान | पटक | १ | ५०० | १ | ५०० | |
| | बार्षिम घांसको बीउ खरीद,बितरण तथा ढुवानी | हेक्टर | ८ | ६५ | ८ | ६० | |
| | टियोसेन्टी/सुडान घा+सको बीउ खरीद,ढुवानी तथा बितरण | हेक्टर | ६ | ३० | ६ | ३० | |
| | सफा दुध उत्पादन सम्बन्धी १ दिने तालिम | पटक | २ | ६० | २ | ५८ | |
| | पशुपालनमा जैबिक सुरक्षा सम्बन्धी १ दिने अर्न्तक्रिया | पटक | १ | ३० | १ | ३० | |
| ८ | **ब्यवसायिक पशुपन्छी फार्महरू सुधार तथा बजार प्रवर्दन कार्यक्रम** | | | | | | |
| | बिधुतीय च्यापकटर चारा मेसिन मा ७० प्रतिशत अनुदान | संख्या | ८ | २५५ | ८ | २४५ | |
| | दुग्ध संकलन केन्द्र स्थापना सहयोगमा ५० प्रतिशत अनुदान | संख्या | २ | ५०० | २ | ५०० | |
| | डेरी पसल सुधारमा ५० प्रतिशत अनुदान | संख्या | १ | ४० | १ | ४० | |
| | ब्यवसायिक गाई÷भैसी÷बाख्रा÷बंगुर÷माछा फार्महरू सुधार तथा यान्त्रिकीकरण खरीदमा ५० प्रतिशत अनुदान (गाई/भैसी १५,बाख्रा ४,बंगुर २,माछा १) | संख्या | २२ | ११०० | २१ | १०५० | |
| | नमूना बाख्रा फार्म सुधारमा ५० प्रतिशत अनुदान -न्यूनतम ५० माउ बाख्रा भन्दा माथी _ | संख्या | १ | ७५ | १ | ७५ | |
| | कार्यक्रम अनुगमन तथा निरिक्षण | पटक | २ | ३० | २ | ३० | |
| ९ | **दक्षता अभिबृदि र प्रचार प्रसार तथा परजीबि नियन्त्रण शिबिर कार्यक्रम** | | | | | | |
| | ब्यवसायिक गाई÷भैसी पालन तालिम ३ दिने | पटक | ४ | २४० | ४ | २४० | |
| | ब्यवसायिक बाख्रा पालन तालिम ३ दिने | पटक | २ | १२० | २ | १२० | |

| सि०न० | कार्यक्रम तथा कृयाकलापहरु | इकाई | बार्षिक लक्ष्य | बजेट रु. हजारमा | प्रगती | खर्च बजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | जैबिक सुरक्षा तथा स्वच्छ दुध उत्पादन तालिम ३ दिने | पटक | २ | १२० | २ | १२० | |
| | इन्सीमिनेटरहरू संग १ दिने अन्तरक्रिया | पटक | २ | ७० | २ | ७० | |
| | नगरपालिकाका प्रत्येक वडाहरूहरूमा स्थलगत १ दिने परजीबि नियन्त्रण शिबिर | | | | | | |
| | परजीबि नियन्त्रणको लागी औषधी खरीद | पटक | १ | ५०० | १ | ५०० | |
| | परजीबि नियन्त्रणको लागी ब्यवस्थापन खर्च | पटक | ११ | २७५ | ११ | २७० | |
| १० | सामाजिक परिचालक÷पशु सेवा प्राबिधिक निरन्तरता | संख्या | १ | ३५० | १ | ३५० | |
| ११ | पशु सेवा तर्फक कार्यालय ब्यवस्थापन फर्निचरर्स /फिक्चरर्स | पटक | १ | २५० | १ | २०० | |
| १२ | बिबिध कार्यक्रम अनुगमन तथा प्रशासनिक खर्च | पटक | १२ | २०० | १२ | १९० | |
| | **जम्मा** | | | ७७७५ | | ७५३८ | |
| | संघीय सरकार **अन्तरगतका कार्यक्रमहरू** | | | | | | |
| **१** | ईपिडेमियोलोजी रिपोर्टिङ० | पटक | १२ | ६ | १२ | ६ | |
| २ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | पटक | १ | **४००** | १ | १७० | |
| ३ | मासु मिसन कार्यक्रम अर्न्तगत पाडा प्रवर्दन | पटक | १ | **१९९४** | १ | १९०० | |
| ४ | ब्यवसायिक पशुपालन कार्यक्रम वडा नं० ८ मोर्मी | पटक | १ | **८००** | १ | ८०० | |
| ५ | आ०ब० २०७७/०७८ मा स्थापना भएको गाईको साना ब्यवसायिक कृषि उत्पादन केन्द्र -पकेट) बिकास कार्यक्रम निरन्तरता | पटक | १ | **११००** | १ | ११०० | |
| ६ | कृषि/पशुपन्छी अधिकृत जनशक्ति करार सेवा | संख्या | १ | **४९४** | १ | ४९० | |
| | **जम्मा** | | | **४७९४** | | ४४६६ | |
| | **कुल जम्मा** | | | **१२५६९** | | **१२००४** | |

१.२ आ.व २०७८/७९ मा पशु सेवा शाखाबाट गरिएका पशुपालन तर्फ का विभिन्न गतिविधिहरूका लाभान्वित संख्या

| सि.न. | मुख्य मुख्य कार्यक्रमहरु | लाभवन्तित कृषक परिवार संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लैंगिक | | | सामाजिक | | | | आर्थिक | | |
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | बिपन्न | अन्य | जम्मा |
| १ | **पशु नश्ल सुधार कार्यक्रम** | ६२८ | ७१२ | १३४० | २२८ | ४३६ | ६७६ | १३४० | ५१० | ८३० | १३४० |
| २ | **पशु अहारा (हिउँदे/बर्षे/बहुबर्षे घाँस खेती)** | ६३३ | ८३९ | १४७२ | २४८ | ४२७ | ७९७ | १४७२ | ४७४ | ९९८ | १४७२ |
| ३ | पशुपन्छी उपचार तथा रोग निदान | ५१८५ | ६३३७ | ११५२२ | २४१९ | ३६८७ | ५४१६ | ११५२२ | ३८४७ | ७६७५ | ११५२२ |
| ४ | पशु रोग नियन्त्रण (खोपहरु एच.एस./बि.क्यु. /खोरेत/पि.पि.आर./रेबिज आदी) | ६३५५ | ६८८३ | १३२३८ | ३०४४ | ४४५० | ५७४४ | १३२३८ | ४३७८ | ८८६० | १३२३८ |
| ५ | **पशु स्वास्थ्य नियमन (जुनोटिक रोगबारे गोष्ठी)** | १४ | ४० | ५४ | ४ | ७ | ४३ | ५४ | १२ | ४२ | ५४ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | संघीय सरकार तर्फको हुलाकी राजमार्ग भैसी पकेट मा लागत साझेदारी | १५ | ३५ | ५० | ७ | ५ | ३८ | ५० | १३ | ३७ | ५० |
| ७ | ब्यवसायिक पशुपन्छी फार्महरू सुधार तथा बजार प्रवर्दन कार्यक्रम | १६ | १८ | ३४ | ५ | ९ | २० | ३४ | ११ | २३ | ३४ |
| ८ | दक्षता अभिबृदि र प्रचार प्रसार | ९६ | ११२ | २०८ | १२ | २१ | १७५ | २०८ | ५६ | १५२ | २०८ |
| ९ | परजीबि नियन्त्रण शिबिर | ९६० | ८९० | १८५० | ३२६ | ५७३ | ९५१ | १८५० | ७०३ | ११४७ | १८५० |
| | जम्मा | १३९०२ | १५८६६ | **२९७६८** | ६२९३ | ९६१५ | १३८६० | **२९७६८** | १०००४ | १९७६४ | **२९७६८** |

## १.३आ व २०७९/८० मा पशु सेवा शाखाबाट गरिएका पशुपालन तर्फ का विभिन्न गतिविधिहरूको प्रगती प्रतिबेदन

| सि.नं. | कार्यक्रम तथा कृयाकलापहरु | इकाई | बार्षिक लक्ष्य | बजेट रु.हजारमा | प्रगती | खर्च बजेट रु.हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| | नगर स्तरिय कार्यक्रम | | | | | | |
| १ | प्रयोगशाला सेवा | पटक | ३ | ७२ | ३ | ७२ | |
| | गोबर परिक्षण | संख्या | | | ५४९० | | |
| | दुध परिक्षण | संख्या | | | ० | | |
| | रगत परिक्षण | संख्या | | | ० | | |
| २ | कृत्रिम गर्भाधानमा संलग्न इन्सीमिनेटरहरुलाई पारिश्रमिक भुक्तानी | संख्या | ३००० | ९०० | ० | ० | |
| ३ | कृ.ग. कर्ताहरु सँग १ दिने अन्तरक्रिया | पटक | १ | ३५ | ० | ० | |
| ४ | जै घाँसको बीउ खरीद, बितरण तथा ढुवानी | पटक | १ | २२५ | १ | २२३ | |
| ५ | जुनोटिक रोग लगायत अन्य रोग नियन्त्रणको लागी नियमित अनुगमन तथा नमूना संकलन गरी प्रदेश तथा संघमा रिर्पोटिङग गर्ने | पटक | २४ | २४ | २३ | २३ | |
| ६ | बर्षिम घाँसको बीउ खरीद, बितरण तथा ढुवानी | पटक | १ | ५०० | १ | ४९६ | |
| ७ | सामाजिक परिचालक (पशु सेवा प्राबिधिक) निरन्तरता | पटक | १३ | ३७० | १३ | ३५९ | |
| ८ | डेरीमा आधारित कृषक पाठशाला | पटक | १ | ३०० | ० | ० | |
| ९ | परजीबि नियन्त्रण शिबिर १ दिने | पटक | ५ | ७५० | ५ | ७३० | |
| १० | मेला महोत्सवमा स्टल निर्माण | पटक | १ | ५० | १ | ४५ | |
| ११ | बिबिध कार्यक्रम अनुगमन तथा अन्य प्रशासनिक | महिना | १२ | ४२५ | १२ | ३९० | |
| १२ | खोप खरीद तथा भ्याक्सीनेटरहरुलाई पारिश्रमिक भुक्तानी (भ्यागुते/चरचरे, खोरेत, रेबिज, पि.पि.आर. रोग बिरुद्ध) | पटक | १ | ५०० | ४०९६० | ४९२ | |
| | एच० एस० बि . क्यु० खोप | संख्या | | | १२६८० | | |
| | खोरेत खोप | संख्या | | | ९८४० | | |
| | पि.पि.आर. खोप | संख्या | | | १८३४५ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | रेबिज खोप | संख्या | | | ९५ | | |
| १३ | ५० प्रतिशत अनुदानमा गाई/भैसीको फर्म सुधार | संख्या | २५ | १२५० | २० | १००० | |
| १४ | ५० प्रतिशत अनुदानमा डेरी पसल सुधार | संख्या | २ | १०० | १ | ५० | |
| १५ | ५० प्रतिशत अनुदानमा बंगुरको फर्म सुधार | संख्या | ५ | २५० | ३ | १५० | |
| १६ | ५० प्रतिशत अनुदानमा बाख्राको फर्म सुधार | संख्या | ९ | ४५० | ७ | ३५० | |
| १७ | ५० प्रतिशत अनुदानमा मत्स्य फर्म सुधार | संख्या | २ | १०० | ० | ० | |
| १८ | ५० प्रतिशत अनुदानमा मासु पसल सुधार | संख्या | २ | १०० | २ | १०० | |
| १९ | जुनोटिक रोग लगायत अन्य रोग नियन्त्रणको लागी १ दिने अन्तरक्रिया | पटक | १ | ३५ | १ | ३३ | |
| २० | टियोसेन्टी/ सुडान घाँसको बीउ खरीद, बितरण तथा ढुवानी | पटक | १ | ५०० | १ | ५०० | |
| २१ | बर्डफ्लु रोग लगायत अन्य रोग नियन्त्रणको लागी नियमित अनुगमन गरी प्रदेश तथा संघमा रिर्पोटिङग गर्ने | पटक | २४ | २४ | २३ | २३ | |
| २२ | पशु औषधी पसल, पशुपन्छी फर्म, मासु पसल, डेरी पसलहरुको तथ्यांक बयवस्थापन तथा अनुगमन | पटक | ३ | ३० | ० | ० | |
| २३ | ७० प्रतिशत अनुदानमा बिधुत्तिय च्यापकटर खरीद तथा बितरण | संख्या | २० | ६२५ | २० | ४८७ | |
| २४ | ५० प्रतिशत अनुदानमा टियोसेन्टी/सुडान घाँसको बीउ खरीद तथा बितरण | के.जी. | ३०० | ४० | ३०० | ४० | |
| २५ | ५० प्रतिशत अनुदानमा बर्षिम घाँसको बीउ खरीद तथा बितरण | के.जी. | ३०० | ५० | ३०० | ५० | |
| २६ | गाई/भैसी/बाख्रा पालन सम्बन्धी ३ दिने तालिम | पटक | ४ | २४० | ४ | २४० | |
| २७ | नेपियर/स्टाइलो घाँसको बीउ खरीद, बितरण तथा ढुवानी | पटक | १ | १०० | १ | ८२ | |
| २८ | ब्यवसायिक गाई/भैसी फर्महरुमा ५० प्रतिशत अनुदानमा कम्पोष्ट पिट निर्माण | संख्या | ३ | २२५ | १ | ७५ | |
| २९ | बहुक्षेत्रिय पोषण कार्यक्रम संग साझेदारीमा सुनौलो १००० दिनका आमा समुहलाई ६ हप्ते कुखुराको चल्ला बितरण | पटक | १ | ३०० | १ | ३०० | |
| ३० | बाली तथा पशुधन बीमाको कृषकले तिर्नुपर्ने प्रिमियममा ५० प्रतिशत अनुदान कार्यक्रम | संख्या | १२०० | ७५० | ३४२ | १३९ | |
| ३१ | सफा तथा स्वच्छ दुध उत्पादन सम्बन्धी ३ दिने तालिम | पटक | ३ | १८० | ३ | १८० | |
| ३२ | पशुपन्छी उपचार सेवा (औषधी खरीद) | पटक | ५००० | ५०० | १३४८५ | ५०० | |
| | मेडिकल उपचार | संख्या | | | ८३८० | | |
| | मेजर सर्जिकल उपचार | संख्या | | | ० | | |
| | माईनर सर्जिकल उपचार | संख्या | | | २३६५ | | |
| | गाईनाक्लोजिकल उपचार | संख्या | | | २७४० | | |
| | **नगर स्तरिय कार्यक्रमको जम्मा** | | | **१००००** | | **७१२९** | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **संघीय कार्यक्रम** | | | | | | |
| ३३ | दुग्ध प्रशोधन कार्यक्रम | पटक | १ | ९९७० | १ | १००० | |
| ३४ | गौशाला पुर्बाधार सुदृढिकरण तथा सामुदायिक पशु ब्यवस्थापन | पटक | २ | २५०० | ० | ० | |
| ३५ | इपिडेमियोलोजी रिर्पोटिङ | पटक | १२ | २० | १२ | ११ | |
| ३६ | पशु सेवा बिभाग र प्रदेशिक निकायमा पशुपन्छी तथ्याङ्क तथा पशु सेवाका कार्यक्रमको प्रगती रिर्पोटिङ | पटक | १२ | २० | १२ | ६ | |
| ३७ | एक पालिका एक भेटेरिनरी डाक्टर | संख्या | १ | ४८० | १ | २४० | |
| ३८ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | पटक | १२ | ३०० | १२ | ३०० | |
| | गाई | संख्या | २५०० | | १३९९ | | |
| | भैसी | संख्या | ५०० | | ४८० | | |
| ३९ | पशुपन्छी रोगको अन्वेषण, नमूना संकलन तथा प्रेषण | पटक | १२ | १० | १२ | १० | |
| | **संघीय कार्यक्रमको जम्मा** | | | **१३३००** | | **१५६७** | |
| ४० | पशु कार्यक्रममा लागत सहभागिता | | | ३३२३ | ० | १८९० | |
| | **कुल जम्मा** | | | **२६६२३** | | **१०५८६** | |

## १.४ आ.व २०७८/७९ मा पशु सेवा शाखाबाट गरिएका पशुपालन तर्फ का विभिन्न गतिविधिहरूका लाभान्वित संख्या

| सि.न. | मुख्य मुख्य कार्यक्रमहरु | लाभवन्तित कृषक परिवार संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लैंगिक | | | सामाजिक | | | | आर्थिक | | |
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | बिपन्न | अन्य | जम्मा |
| १ | **पशु नश्ल सुधार कार्यक्रम** | ५९८ | ६६२ | **१२६०** | १९८ | ३२२ | ७४० | **१२६०** | ४८० | ७८० | **१२६०** |
| २ | **पशु अहारा (हिउँदे/बर्षे/बहुबर्षे घाँस खेती)** | ८३६ | ९५४ | **१७९०** | ३३८ | ५३६ | ९१६ | **१७९०** | ५७२ | १२१८ | **१७९०** |
| ३ | पशुपन्छी उपचार तथा रोग निदान | ५८२५ | ६८१३ | **१२६३८** | २५४२ | ३८५६ | ६२४० | **१२६३८** | ३९५० | ८६८८ | **१२६३८** |
| ४ | पशु रोग नियन्त्रण (खोपहरु एच.एस./बि.क्यु. /खोरेत/पि.पि.आर./रेबिज आदी) | ६४८८ | ७२४४ | **१३७३२** | ३१२२ | ४५८० | ६०३० | **१३७३२** | ४४१७ | ९३१५ | **१३७३२** |
| ५ | **पशु स्वास्थ्य नियमन (जुनोटिक रोगबारे गोष्ठी)** | ५ | १८ | **२३** | ३ | ५ | १५ | **२३** | ९ | १४ | **२३** |
| ६ | ब्यवसायिक पशुपन्छी फार्महरू सुधार तथा बजार प्रवर्दन कार्यक्रम | ३१ | ३४ | **६५** | ६ | ११ | ४८ | **६५** | २३ | ४२ | **६५** |
| ७ | दक्षता अभिबृदि र प्रचार प्रसार | ६७ | १०८ | **१७५** | १४ | २३ | १३८ | **१७५** | ३६ | १३९ | **१७५** |
| ८ | परजीबि नियन्त्रण शिबिर | ३६७ | ५०८ | **८७५** | १२६ | २३२ | ५१७ | **८७५** | २९५ | ५८० | **८७५** |
| ९ | पशुपन्छी बिमामा अनुदान | ५५ | ७७ | **१३२** | १३ | २७ | ९२ | **१३२** | ५३ | ७९ | **१३२** |
| १० | संघीय सरकार तर्फको कार्यक्रममा | ८७ | १४९ | **२३६** | १७ | ७२ | १४७ | **२३६** | २७ | २०९ | **२३६** |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | १४३५९ | १६५६७ | **३०९२६** | ६३७९ | ९६६४ | १४८८३ | **३०९२६** | ९८६२ | २१०६४ | **३०९२६** |

१.५ आ व २०८०/८१ मा पशु सेवा शाखाबाट गरिएका पशुपालन तर्फ का विभिन्न गतिविधिहरूको प्रगती प्रतिबेदन

| सि०न० | कार्यक्रम तथा कृयाकलापहरु | इकाई | बार्षिक लक्ष्य | बजेट रु.हजारमा | प्रगती | खर्च बजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| | **संघीय कार्यक्रम** | | | | | | |
| १ | एक पालिका एक भेटेरिनरी डाक्टर | संख्या | १ | ५२५ | १ | ५२५ | |
| २ | इपिडिमियोलोजिकल रिर्पोटिङ | पटक | १२ | १२ | १२ | १२ | |
| ३ | गाई तथा भैसी प्रवर्द्धन कार्यक्रम | पटक | १ | ८०० | १ | ८०० | |
| ४ | हरियो घाँस बिस्तार कार्यक्रम | पटक | १ | ८०१ | ० | ० | |
| ५ | महामारी/आकास्मिक रोग नियन्त्रण कार्यक्रम | पटक | आ.अ. | १०० | आ.अ. | १०० | |
| ६ | मासु प्रवर्द्धन कार्यक्रम (बाख्रा/भेडा/बंगुर/पाडा लगायत) | पटक | १ | १००० | ० | ० | |
| ७ | आधारभूत प्रयोगशाला कार्यक्रम | पटक | १ | ६०० | १ | ५१२ | |
| ८ | गौशाला निर्माण कार्यक्रम (नन्दनगर) | पटक | १ | २०१२ | १ | २०१२ | |
| ९ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | पटक | १२ | १५० | १२ | १५० | |
| | गाई | संख्या | २५०० | | १६८० | | |
| | भैसी | संख्या | ५०० | | ५९५ | | |
| | **नगर स्तरिय कार्यक्रम** | | | | | | |
| १० | भेटेरिनरी सम्बन्धी भौतिक उपकरण खरीद | पटक | १ | २०० | १ | १९० | |
| ११ | जै घांसको बीउ खरीद,बितरण तथा ढुवानी | हेक्टर | १५ | २२५ | १५ | २२० | |
| १२ | बर्षिम घांसको बीउ खरीद,बितरण तथा ढुवानी | हेक्टर | ७५ | ५०० | ७५ | ४९६ | |
| १३ | टियोसेन्टी/सुडान घांसको बीउ खरीद, बितरण तथा ढुवानी | हेक्टर | ९० | ६०० | ९० | ५८० | |
| १४ | नेपियर/स्टाइलो घांसको बीउ खरीद,बितरण तथा ढुवानी | हेक्टर | १ | १०० | १ | ९० | |
| १५ | ५० प्रतिशत अनुदानमा बर्षिम घांसको बीउ खरीद तथा बितरण | हेक्टर | २० | २०० | २० | २०० | |
| १६ | ५० प्रतिशत अनुदानमा टियोसेन्टी/सुडान घांसको बीउ खरीद तथा बितरण | हेक्टर | ३२ | १०० | ३२ | १०० | |
| १७ | पशुपंक्षी उपचार सेवा (औषधी खरीद) | संख्या | ७००० | ८५० | १४६७२ | ८४० | |
| | मेडिकल उपचार | संख्या | | | ९३९० | | |
| | मेजर सर्जिकल उपचार | संख्या | | | ० | | |
| | माईनर सर्जिकल उपचार | संख्या | | | २४३७ | | |
| | गाईनाक्लोजिकल उपचार | संख्या | | | २८४५ | | |
| १८ | प्रयोगशाला सेवा (रिएजेण्ट, कटन, स्लाईड आदि खरिद) | संख्या | ३००० | १०० | ५४१९ | १०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गोबर परिक्षण | संख्या | | | ५३८७ | | |
| | दुध परिक्षण | संख्या | | | ० | | |
| | शव परिक्षण/पोष्टमार्टम जाँच | संख्या | | | ३२ | | |
| १९ | खोप खरीद तथा भ्याक्सीनेटरहरूलाई पारिश्रमिक भूत्तानी (भ्यागुते र चरचरे,खोरेत,रेबिज,पि.पि.आर. रोग विरूद्ध) | संख्या | १२००० | ९०० | ३०४८५ | ८५० | |
| | एच० एस० बि . क्यु० खोप | संख्या | | | ११२०० | | |
| | खोरेत खोप | संख्या | | | १०४०० | | |
| | पि.पि.आर. खोप | संख्या | | | ८८०० | | |
| | रेबिज खोप | संख्या | | | ८५ | | |
| २० | आकस्मिक उपचार सेवा | पटक | आ.अ. | १०० | आ.अ. | १०० | |
| २१ | बर्डफलु रोग नयिन्त्रणको लागी नियमित अनुगमन गरी प्रदेश तथा संघमा रर्पोटीङग गर्ने | पटक | २४ | २४ | २४ | २४ | |
| २२ | जुनोटकि रोग लगायत अन्य रोग नियन्त्रणको लागी नियमित अनुगमन तथा नमूना संकलन गरी प्रदेश तथा संघमा रिर्पोटीङग गर्ने | पटक | २४ | २४ | २४ | २४ | |
| २३ | पशु औषधी पसल पशुपन्छी फर्म मासु पसल डेरी पसलहरुको तथ्यांक ब्यवस्थापन तथा अनुगमन | पटक | ३ | ३२ | ३ | ३० | |
| २४ | जुनोटकि रोग लगायत अन्य रोगहरू सम्बन्धी १ दिने अन्तरक्रिया | पटक | १ | ३५ | १ | ३४ | |
| २५ | ५० प्रतिशत अनुदानमा मागमा आधारित पशुपन्छी फर्महरूमा प्रयोग हुने साना यान्त्रिकरणको सामाग्रीहरू खरीद तथा बितरण | संख्या | आ.अ. | ३०० | १० | १९० | |
| २६ | ५० प्रतिशत अनुदानमा गाई/भैसी /बाख्रा/बंगुर/ कुखुरा तथा मत्स्य फर्महरू सुधार | संख्या | २० | १००० | १७ | ८५० | |
| २७ | ७० प्रतिशत अनुदानमा पशुपन्छीको लागी दाना उद्योग संचालनमा सहयोग | पटक | १ | ७०० | १ | ७०० | |
| २८ | ७० प्रतिशत अनुदानमा दुग्ध संकलन केन्द्रको मर्मत/सुधारमा सहयोग | पटक | १ | ७०० | १ | ७०० | |
| २९ | ५० प्रतिशत अनुदानमा पशुपन्छी बिमा अनुदान कार्यक्रम | संख्या | ४०० | २०० | ३५० | १८० | |
| ३० | गाई/भैसी तथा बाख्रा पालन सम्बन्धी ३ दिने कृषकस्तर तालिम | पटक | ४ | ३०० | ४ | ३०० | |
| ३१ | स्वच्छ दुध उत्पादन सम्बन्धी ३ दिने कृषकस्तर तालिम | पटक | ४ | ३०० | ४ | ३०० | |
| ३२ | कृत्रिम गर्भाधानकर्ताहरू संग अर्न्तक्रिया,गोष्ठी | पटक | १ | ३५ | १ | ३५ | |
| ३३ | डेरीमा आधारित कृषक पाठशाला | पटक | १ | ३०० | ० | ० | |
| ३४ | परजीबि नियन्त्रण शिबिर १ दिने | पटक | ५ | ७५० | ५ | ७३५ | |
| ३५ | मेला महोत्सवमा स्टल निर्माण | पटक | १ | ५० | १ | ४२ | |
| ३६ | पशुपंक्षी तथा मत्स्य फार्महरुको तथ्याङ्क संकलन तथा अद्यावधिक | पटक | १ | १००० | १ | ९२५ | |
| ३७ | पशु बिकासको क्षेत्रमा योगदान गर्ने निजी फर्म/सहकारी/कृ.ग.कर्ता तथा संघ संस्थाहरूलाई सम्मान | पटक | १ | ७५ | १ | ७० | |

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३८ | सामाजिक परिचालक (पशु सेवा प्राबिधिक) निरन्तरता | संख्या | १ | ४०० | १ | ४०० | |
| ३९ | पशु बिकास कार्यदल तथा अन्य बैठक भत्ता | पटक | आ.अ. | १५० | आ.अ. | ९५ | |
| ४० | पशुपन्छी बिकास सम्बन्धी सूचना प्रसारण | पटक | आ.अ. | ५० | आ.अ. | ४५ | |
| ४१ | बिभिन्न कार्यक्रम अनुगमन तथा अन्य खर्च | पटक | आ.अ. | ३०० | आ.अ. | २९० | |
| | जम्माः | | | १६६०० | | १३८४६ | |

१.६ आ.व २०८०/८१ मा पशु सेवा शाखाबाट गरिएका पशुपालन तर्फ का विभिन्न गतिविधिहरूका लाभान्वित संख्या

| सि.न. | मुख्य मुख्य कार्यक्रमहरु | लाभवन्तित कृषक परिवार संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लैंगिक | | | सामाजिक | | | | आर्थिक | | |
| | | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | बिपन्न | अन्य | जम्मा |
| १ | **पशु नश्ल सुधार कार्यक्रम** | ५८८ | ७३६ | **१३२४** | १९६ | ३४० | ७८८ | **१३२४** | ५१८ | ८०६ | **१३२४** |
| २ | **पशु अहारा (हिउँदे/बर्षे/बहुबर्षे घाँस खेती)** | ८९० | १०५५ | **१९४५** | ३४८ | ५८६ | १०११ | **१९४५** | ६८० | १२६५ | **१९४५** |
| ३ | पशुपन्छी उपचार तथा रोग निदान | ५९८० | ७७६२ | **१३७४२** | २५६२ | ३९१२ | ७२६८ | **१३७४२** | ३९५० | ८६८८ | **१३७४२** |
| ४ | पशु रोग नियन्त्रण (खोपहरु एच.एस./बि.क्यु. /खोरेत/पि.पि.आर./रेबिज आदी) | ६४२० | ७५४० | **१३९६०** | ३२४३ | ४६७८ | ६०३९ | **१३९६०** | ४५२८ | ९४३२ | **१३९६०** |
| ५ | **पशु स्वास्थ्य नियमन (जुनोटिक रोगबारे गोष्ठी)** | ६ | १९ | **२५** | २ | ६ | १७ | **२५** | ९ | १६ | **२५** |
| ६ | ब्यवसायिक पशुपन्छी फार्महरू सुधार तथा बजार प्रवर्दन कार्यक्रम | ५ | १२ | **१७** | ३ | ५ | ९ | **१७** | ६ | ११ | **१७** |
| ७ | दक्षता अभिबृदि र प्रचार प्रसार | ७० | ११४ | **१८४** | २४ | ४३ | ११७ | **१८४** | ५४ | १३० | **१८४** |
| ८ | परजीबि नियन्त्रण शिबिर | ४१८ | ५६२ | **९८०** | १३५ | २४८ | ५९७ | **९८०** | ३१० | ६७० | **९८०** |
| ९ | पशुपन्छी बिमामा अनुदान | ५३ | ८५ | **१३८** | १७ | ४८ | ७३ | **१३८** | ५८ | ८० | **१३८** |
| १० | दाना उद्योग संचालनमा सहयोग | ५९ | ७५ | **१३४** | १३ | ३६ | ८५ | **१३४** | ५२ | ८२ | **१३४** |
| ११ | दुग्द्य संकलन केन्द्रको मर्मत/सुधारमा सहयोग | ५२ | ७६ | **१२८** | १२ | ३२ | ८४ | **१२८** | ४३ | ८५ | **१२८** |
| १२ | आकस्मिक उपचार सेवा | २८ | ४० | **६८** | ९ | १६ | ४३ | **६८** | २७ | ४१ | **६८** |
| १३ | संघीय सरकार तर्फको कार्यक्रममा | ८२ | ८४ | **१६६** | ३३ | ६४ | ६९ | **१६६** | ३२ | १३४ | **१६६** |
| | जम्मा | १४६५१ | १८१६० | **३२८११** | ६५९७ | १००१४ | १६२०० | **३२८११** | १०२६७ | २१४४० | **३२८११** |

**१.७ आ व २०७८/७९ देखि २०८०/०८१ सम्ममा बाणगङ्गा नगरपालिकाबाट पशुपालन तर्फ सम्पन्न भएका कार्यक्रमको मूख्य मूख्य उपलब्धिहरू**

- आ.ब. २०७७/०७८मा संघीय सरकार तर्फको कार्यक्रम अर्न्तगत पशुपन्छी तर्फ हुलाकी राजमार्ग दुध उत्पादन कार्यक्रम यस नगरपालिकाको वडा नं. ०२ मा संचालन भई नगर भित्र ५० वटा भैँसी खरीद भई अएकोमा दुध उत्पादनमा बृद्धि हुनुको साथै भैसी पकेटको नयाँ क्षेत्र स्थापना गरीयो। यस कार्यक्रमको संचालनबाट, नश्ल सुधार, यान्त्रिकिकरण, गोठ तथा खोर सुधार भई उत्पादन तथा उत्पादकत्व वृद्धि भएको।

- आ.ब. २०७७/०७८मा संघीय सरकार तर्फको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यक्रम अर्न्तगत पशुपन्छी तर्फ गाई पकेट - १ बा.न.पा.०६ लक्ष्मणघाटमा दुध उत्पादनको नयाँ पकेट स्थापना गरीयो। यस कार्यक्रम अर्न्तगत ५० वटा उन्नत गाई खरीद भई आएको तथा नश्ल सुधार, यान्त्रिकिकरण, गोठ तथा खोर सुधार भई उत्पादन तथा उत्पादकत्व वृद्धि हुनु को साथै १ वटा दाना उद्योग निर्माण भएको ।

- कृषि/पशु सहकारी संस्थाहरूको सहकार्यमा व्यवसायीक पशुपालन कार्यक्रमबाट नगरपालिका भित्रका ४ वटा सहकारीहरू मार्फत व्यवसायिक पशुपालनलाई सहयोग गरियो। यस कार्यक्रम अन्तर्गत कृषकहरूलाई गोठ निर्माण/सुधार-६०वटा, च्यापकटर खरीद - २०, मिल्क एनलाईजर-३, काउ म्याट-६०, उन्नत जातको घाँसको विउ बेर्ना वितरण, औषधी वितरण, आदीमा सहयोग गरियो। यस कार्यक्रमबाट गोठको आधुनिकिकरण, पशु आहारामा सुधार साथै असल पशु सेवा अभ्यासबाट पशु र पशजुन्य पदार्थको उत्पादनमा वृद्धि भई रोजगारी सजृना भएको।

- कृत्रिम गर्भाधानका माध्यमबाट पशुहरूमा नश्ल सुधारगरि उत्पादन वृद्धि गर्ने उद्धश्यले आ.ब. २०७८/०७९ देखि आ.ब. २०८०/०८१ सम्म गाईमा - ४६०४ र भैंसीमा १५२९ समेत गरि कूल जम्मा ६१३३ संख्यामा कृ.ग. गरिएको र भविष्यमा दुध र मासुमा क्रमस: ३१ लाख ५८ हजार ४ सय लीटर मे.टन दुध र १ लाख २८ हजार ७ सय के.जी. मासु थप उत्पादन हुने अपेक्षा राखिएको।

- दुध उत्पादन, प्रशोधन, पूर्वाधार निर्माण कार्यक्रमबाट बाणगङ्गा दुग्ध उत्पादक सहकारी संस्था बा.न.पा. -०८ र बिहानी महिला सामाजिक कृषि सहकारी संस्था बा.न.पा. -०५ लाई दुध बिबिधीकरणको लागि यन्त्र उपकरण खरिदमा सहयोग गरिएको।

- दुध उत्पादन लागत कम गर्नको लागी ५८४ हेक्टर जग्गामा घाँस खेती बिस्तारको लागी निशुल्क हिउँदे/बर्षे/बहुबर्षीय घाँसको बीउ बितरण गरीएको।

- हुलाकी मार्ग लक्षित दुध उत्पादन तथा प्रबर्द्धन कार्यक्रमबाट कार्यक्रम संचालन भएका बा.न.पा. ०२ वडामा दुध सम्बन्धी कुनै कारोवार नभएका सहकारीमा आवद्ध सदस्यहरू करिब १६७ कृषकहरू प्रत्यक्ष लाभान्वित भई दैनिक ७०० लिटर दुध संकलन गरी बजारीकरण गरेको।
- ११ वटा साना तथा मझौला डेरी ब्यवसाय सुधारका लागि यन्त्र उपकरण खरीदमा सहयोग उपलब्ध गराई दुध प्रसोधनमा सहयोग गरिएको।
- पशुपन्छी उपचार सेवा अन्तर्गत बाणगङ्गा नगरपालिकाको पशु सेवा शाखाबाट तथा निजी पाराभेटहरूबाट ५५५६१ पशुपन्छीमा लागेका विभिन्न रोगहरूको उपचार सेवा दिइएको।
- FMD, PPR, Ranikhet, H.S./B.Q. Swine Fever रोग नियन्त्रणका लागि नगरको पशु सेवा शाखाबाट कुल १०८११९ पशुपन्छीहरूलाई उल्लेखित रोगहरूको विरुद्ध खोप कार्यक्रम संचालन गरिएको।
- वैदेशिक रोजगारीबाट फर्केका तथा नगरपालिका भित्रमा वेरोजगार रहेका युवा जनशक्तीहरुलाई नगरपालिकामानै रोजगारीको अवसर सजृना गर्ने गरि बाख्रापालन/ गाईभैँसी पालन /वंगुर पालन/ डेरि प्रवर्द्धन आदी जस्ता कार्यक्रमका माध्यमबाट उत्पादन मूलक कार्यमा केही युवाहरुलाई आर्कषण गराई रोजगारी सजृना गरिएको।
- पशुपन्छी बिमा कार्यक्रम अन्तर्गत ६९२ पशुहरुमा कृषकहरुले तिर्ने बिमा शुल्कको प्रिमियममा ५० प्रतिशत अनुदान उपलब्ध गराईएको।
- नगरपालिका भित्रका पशुपन्छीहरुको तथ्याङ्क स्थलगत संकलन गरी अध्यावधिक गरिएको ।
- **JOA, ADRA Nepal** र इन्द्रेणी ग्रामीण बिकास केन्द्र, नेपाल (तराई परियोजना) सँग नगरपालिकाले साझेदारी सम्झौता गरी साना दुग्ध उत्पादक कृषकहरुको गाई / भैसीहरुको नश्ल सुधार तथा दुध उत्पादन बृद्धि गर्ने कार्य सम्पन्न गरेको।

**१.८ लुम्बिनी प्रदेश सरकार अर्न्तगत रहेको पशपुन्छी तथा मत्स्य विकास निर्देशनालय, बुटवल,रुपन्देही**

बाणगङ्गा नगरपालिका, कपिलवस्तु

### आ.व.२०८०/०८१ को दुध  तथा दुग्ध पदार्थ प्रवर्द्धन सम्बन्धि कार्यक्रम

आ.ब. २०८०/०८१ मा यस बाणगङ्गा नगरपालिकामा लम्पी स्किन रोगको प्रकोप बढेको हुनाले दुध  उत्पादनमा असर भएको अध्ययन सर्वेबाट देखिएको छ। यस जिल्लाको बिभिन्न पालिकाहरु लगायत यस पालिकामा समेत  लम्पी स्किन रोगको प्रकोप बढि भएको हुनाले निर्देशनालयबाट भ्याक्सीनेसन कार्यक्रम रहेको र पालिकाबाट समेत साझेदारी गरी किसानको घर-घर पुगि सेवा दिएको अध्ययनले पुष्टाएको छ। त्यस निर्देशनालयबाट आ व २०८०/८१ मा आकास्मित रोग नियन्त्रण कार्यक्रमका लागी गरीएका प्रयासको क्रममा लिईएका केहि तस्वीरहरू



चित्र ७ लम्पी स्किन रोगको प्रकोप तथा निवारणमा गरिएका प्रयासका तस्बीरहरु

## २.	केही तस्वीरहरु..........

बाणगङ्गा नगरपालिका, कपिलवस्तु